मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३३७ ● २०८० साल कार्तिक ०१ गते बुधबार ● Wednesday 18, October 2023 ● सूर्योदय: बिहान ६:०६ बजे ● सूर्यास्त: साँझ ५:३४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मौलापुरकी मेयरको पद रिक्त

## एमालेले अनैतिकताको पराकाष्ठा देखायोः आम जनता पार्टी

*अघिल्लो पटक पनि नेकपा माओवादी केन्द्रले तत्कालीन मौलापुर नगर प्रमुख रिना कुमारी साह, कटहरिया नगर प्रमुख सियाराम कुशवाहा, फतुवा विजयपुरकी उपमेयर कान्ती देवी महतो, देवाहिगोनाहीकी उपमेयर परानिया देवी पटेल, यमुनामाई गाउँपालिका तत्कालीन उपप्रमुख गीता देवी साहलगायत माथि पार्टी परिवर्तन तथा अनुशासन सम्बन्धी कारबाही गरेको थियो*



**सञ्जय मिश्रा**
**रौतहट ।**
मौलापुर नगरपालिकाका प्रमुख रिनाकुमारी साहले नेकपा एमाले पार्टी छोडेको भन्दै पार्टीकै सिफारिसमा मंगलवार निर्वाचन आयोगले मेयर पदबाट मुक्त गरेको छ । एमाले केन्द्रीय कमिटी बैठकको निर्णयसहित दिइएको निवेदनका आधारमा छानबिन गरी मंगलबार निर्वाचन आयोगले मौलापुर नगरपालिकाकी मेयर प्रभु साहपत्नी रिनाको पद स्वतः रिक्त भएको जानकारी गराएको हो ।
निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २२ को उपनियम (२) बमोजिम नगर प्रमुख साहको पद स्वतः रिक्त भएको मंगलवार गोरखापत्रमै सूचना दिएर सार्वजनिक गरेको हो ।
नेकपा एमालेको केन्द्रीय कमिटी बैठकको निर्णयबारे र निर्वाचन आयोगको कदमबारे जानकारी पाएको बताउँदै मेयर साहले एमालेले आफूमाथि गरेको अन्यायविरुद्द कानुनी बाटोमा न्यायालयतर्फ जाने सरसल्लाह भइरहेको बताइन् । उता प्रभु साह नेतृत्वको आमजनता पार्टीले दलीय सिन्डिकेटको आवरणमा लोकतन्त्रको हत्या भएको टिप्पणी गरेको छ ।
एमालेले पनि अनैतिकताको पराकाष्ठा देखाएको आमजनता पार्टीको ठहर छ । 'मौलापुर नगर नेतृत्वको कारण स्थानीयस्तरमा आमजनतालाई सरकारको प्रत्याभूतिसँगै सामाजिक न्याय, सुशासन र विकासले आफ्नो एउटा छुट्टै मोडल स्थापित गरिरहेको बताइएको छ । एउटा कर्तव्यनिष्ठ महिला मेयर साहलाई दलीय सिन्डिकेटको आवरणमा केवल आमजनता पार्टीका अध्यक्ष संघीय सांसद प्रभु साहको धर्मपत्नी भएकै नाताले मात्र एमालेले पदमुक्त गर्ने दुस्प्रयास एवम् षड्यन्त्र गरेको छ, यो घटना आमजनभावना विपरीत, लोकतन्त्रको उपहास एवम् अनैतिकताको पराकाष्ठा देखिन्छ,' रहेको आमजनता पार्टीले भनेको छ ।
'स्थानीय निर्वाचनमा पूर्वमन्त्री प्रभु साह र उनको टिमको अथक प्रयास एवम् प्रभावको बलमा एमाले पार्टीले अनगिन्ति स्थानमा चुनाव जितेको विषय जगजाहेर नै छ,' पार्टीले भनेको छ, 'तर आज एमाले पार्टीले नैतिकताका आधारमा हाम्रो मत फिर्ता गर्नुको सट्टा उल्टै उहाँको पत्नीलाई कागजी कार्यवाहीको डन्डा देखाई तर्साउने कार्य गर्नु अनैतिकताको पराकाष्ठा मात्र नभई दलीय निरंकुशताद्वारा वास्तविक लोकतन्त्रको हत्या पनि हो ।' माओवादी पृष्ठभूमिका नेता प्रभु साहपत्नी रिना मौलापुर नगरपालिकाको प्रमुखमा दोस्रोपटक निर्वाचित भएकी हुन् । यसअघि उनी नेकपा माओवादी केन्द्रको टिकटबाट मेयर पदमा निर्वाचित भएकी थिइन् ।
निर्वाचनपछि माओवादी र एमाले मिलेर नेकपा बनेको थियो । पछि तत्कालीन पार्टीका दोस्रो अध्यक्ष प्रचण्ड र माधवकुमार नेपाललगायतका नेताले पार्टी छोड्दा प्रभु साह भने एमालेमै बसेका थिए । त्यस समयमा पनि माओवादी केन्द्रले तत्कालीन मौलापुर नगर प्रमुख रिना कुमारी साह, कटहरिया नगर प्रमुख सियाराम कुशवाहा, फतुवा विजयपुरकी उपमेयर कान्ती देवी महतो, देवाहिगोनाहीकी उपमेयर परानिया देवी पटेल, यमुनामाई गाउँपालिका तत्कालीन उपप्रमुख गीता देवी साहलगायत माथि पार्टी परिवर्तन तथा अनुशासन सम्बन्धी कारबाही गरेको थियो । मधेश प्रदेशमा राम्रो पकड़ भएका नेता प्रभु साह गत निर्वचनमा एमालेको टिकट गोजीमा राखेर स्वतन्त्र प्रतिनिधिसभा सदस्य पदका लागि रौतहट क्षेत्र ३ बाट स्वतन्त्र उम्मेद्वारी दिन आए । एमाले छाडेर स्वतन्त्र उमेद्वारी घोषणा गरेपछि माओवादी अध्यक्ष प्रचण्डको सिफारिसमा प्रभु साहलाई तत्कालीन कांग्रेससहित सत्तापक्षको गठबन्धनले आफ्नो आधिकारिक उम्मेद्वार भनेको थियो । चुनावका नतिजा आएपछि उनी माओवादीमै फर्किने जानकारहरुले आँकलन गरेका थिए । तर विभिन्न प्राविधिक कारण देखाएर उनले माओवादीमा फर्किनुको सट्टा आफ्नै नेतृत्वमा आमजनता पार्टी दर्ता गराएका थिए । एमालेले यही प्रतिशोध साँध्न रिनाको पदमुक्तका लागि निर्वाचन आयोग गुहारेको बुझिएको छ ।

## मधेश विश्वविद्यालयको दोस्रो बैठक

*चालु आर्थिक वर्ष २०८०/८१ का लागि पुँजिगत र सञ्चालनतर्फ २० करोड रुपैयाँ बजेट आवश्यक*




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश विश्वविद्यालयको दोश्रो विश्वविद्यालय सभा बैठक वीरगंजमा भएको छ ।
विश्वविद्यालय सभा बैठकको अध्यक्षता कुलपति एवम् मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले गरेका थिए । बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री एवम् कुलपति यादवले मधेशको शैक्षिक अवस्था माथि उकास्न मधेश विश्वविद्यालयको भूमिका प्रभावकारी हुनु पर्ने कुरामा जोड दिए ।
उनले वीरगंजमा स्थापित मधेश विश्वविद्यालय गुणस्तरीय शिक्षाका लागि देशकै नमूना विश्वविद्यालयका रुपमा अगाडि बढाउन विश्वविद्यालय परिवारलाई आग्रह गरे । कार्यक्रममा मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री एवम् सहकुलपति महेशप्रसाद यादव, विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्य, रजिष्ट्रार विजयकुमार यादव, मधेश विश्वविद्यालयका डीन कानुन तथा जनप्रशासन संकायका प्रमुख डा.मानबहादुर विकेले विश्वविद्यालयसम्बन्धी विभिन्न प्रस्ताव प्रस्तुत गरे ।
कार्यक्रममा उपकुलपति डा. शाक्यले विश्वविद्यालयको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै मधेश विश्वविद्यालयलाई देशकै उत्कृष्ट शैक्षिक केन्द्रका रुपमा विकास गर्ने योजना रहेको बताए । त्यसैगरी, बैठकमा रजिष्ट्रार यादवले विश्वविद्यालयको बजेट तथा कार्यक्रमसम्बन्धी प्रस्ताव प्रस्तुत गर्दै चालु आर्थिक वर्ष २०८०÷८१ का लागि पुँजिगत र सञ्चालनतर्फ २० करोड रुपैयाँको बजेट आवश्यक रहेको बताए । मधेश विश्वविद्यालयका लागि आवश्यक जग्गाको अवस्था, भौतिक पूर्वाधारको विस्तृत परियोजना र निर्माणसम्बन्धी प्रस्तावसमेत प्रस्तुत गरिएको थियो । दोश्रो सभामा विश्वविद्यालयले सञ्चालन गर्ने शैक्षिक कार्यक्रम, योग्यता र उपाधि निर्धारण गर्नेसम्बन्धी प्रस्ताव समेत प्रस्तुत गरिएको थियो ।
मधेश विश्वविद्यालयको दोश्रो विश्वविद्यालय सभाको बैठकमा पूर्व मुख्यमन्त्री लालबाबु राउत, मधेश प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, मधेश प्रदेश सरकारका प्रमुख सचिव, वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह, मधेश प्रदेश सरकारका अर्थमन्त्रालयका सचिव, शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव, मध्यपश्चिम विश्वविद्यालयका निवर्तमान उपकुलपति प्राध्यापक डा.उपेन्द्र कुमार कोइराला, मधेशका पूर्व महान्याधिवक्ता दिपेन्द्र झालगायतको सहभागिता थियो ।

## जसपा कम्युनिष्ट होइनः यादव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले आफ्नो पार्टी कम्युनिस्ट पार्टी हुन नसक्ने बताएका छन् । मंगलबार सामाजिक सञ्जालमा उनले जसपा सामाजिक लोकतान्त्रिक पार्टी भएकाले कम्युनिस्ट हुन नसक्ने बताए । वर्तमान अवस्थाको समाजवादी मोर्चा कम्युनिस्ट पार्टी अथवा साम्यवादी मोर्चामा रुपान्तरित हुन नसक्ने समेत उनले प्रष्ट पारे । अध्यक्ष यादवले भने, 'एउटा समाजवादी पार्टीको लोकतान्त्रिक पार्टी र कम्युनिस्ट पार्टीहरुबीच सहकार्य र मोर्चा मात्र हुन सक्छ ।'
यादवले भनेका छन्, 'हाम्रो समाजमा रहेको गरिबी, अशिक्षा, बेरोजगारी, सामाजिक, आर्थिक शोषण, उत्पीडनका साथै वर्गीय, जातीय र लिङ्गका आधारमा कायम रहेका असमानता र विभेदलाई उन्मुलन गर्दै आफू पहिचानसहितको संघीयता, सुशासन, समानता, स्वतन्त्रता, सामाजिक आर्थिक न्याय र समाजवादप्रति आस्था राख्ने भएको हुँदा कम्युनिस्ट वा साम्यवादी हुन सकिँदैन ।'
वर्तमान अवस्थामा जसपा, नेपाल सम्मिलित समाजवादी मोर्चालाई कतिपयले साम्यवादी मोर्चाको रुपमा बुझ्ने, बुझाउने गरेको र त्यसले पार्टीपंक्तिमा केही भ्रम सिर्जना गरेको सन्दर्भमा यादवले पार्टीको धारणा सार्वजनिक गरेका हुन ।
सोमबार मात्र मधेशदृष्टिसँगको सम्वादमा लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले उपेन्द्र यादव समाजवादी हुँदै माओवादी बनेको आरोप लगाएका थिए ।

## नागरिकको भरोसा टुट्न नदिऔँः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले नागरिकको भरोसा टुट्न नदिन नेपाल प्रहरीसँग आग्रह गरेका छन् । नागरिकको पहिलो भरोसा प्रहरी भएको र यो भरोसा शंकाको घेरामा आउनु नहुने उनको तर्क थियो ।
मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधाममा मंगलबार आयोजित ६८ औँ प्रहरी दिवसको उपलक्ष्यमा मुख्यमन्त्री यादवले यस्तो अपिल गरेका हुन् ।
'प्रहरीको काम एकदम गाह्रो छ, सबै बिदामा रहेको बेला पनि जागिरहनु पर्दछ,' उनले भने, 'नागरिकको सुरक्षा तथा अमनचयनका लागि घामपानी केही नभनी खटिराखेका प्रहरीको निस्वार्थ सेवालाई सलाम छ, न्याय र निष्पक्षता नै प्रहरीको मूलमन्त्र हुनुपर्छ ।' उनले गीतामा भगवान श्रीकृष्णको भनाई उल्लेख गर्दै भने, 'असल मानिसको रक्षा र दुष्टलाई दण्ड नै प्रहरीको आदर्श हुनुपर्छ । तपाईंको डण्डा र ओहोदाले कुनै पनि निर्दोष मानिसको आत्मा कल्पिने काम नहोस्, सेवा यस्तो होस् कि तपाईं गए पनि समाजले सम्झिराखोस् ।'
'देश बनाउने जिम्मा राजनीतिज्ञहरुको मात्र नभइ प्रहरीको पनि हो,' उनले भने, 'मधेश पनि नेपाल हो, यो कहिल्यै नबिर्सनु होला ।' मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री मोहमद समीमले राम्रो काम गर्दा आक्षेप लागे पनि कानुनसम्मत काममा खुट्टा नकमाउन प्रहरीलाई निर्देशन दिए ।
यसैगरी, प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक जनक भट्टराईले नेपाल प्रहरीको गौरवशाली इतिहास स्मरण गरे । उनले विविध आरोहअवरोहबीच कर्तव्य पथमा सहिद भएका अमर प्रहरीप्रति श्रद्धाञ्जली एवम् परिवारजनमा समवेदना व्यक्त गरे । कार्यक्रममा सहिद परिवारजनलाई सम्मान र प्रहरीका सन्तानलाई पुरस्कृतसमेत गरिएको थियो ।

## खसी–बोकाको मूल्य आधा सस्तो !



**मुकेशकुमार यादव**
**सिरहा ।**
अन्य समयभन्दा दशैँमा बढी मूल्यमा बिक्री हुने खसीबोकाको मूल्य आर्थिक मन्दीका कारण घटेपछि किसान मर्कामा परेका छन् । अत्याधिक मात्रामा मासुको खपत हुने दशैँमा नै आर्थिक मन्दीका कारण तराई मधेशका बजारमा खसीबोका खरिद बिक्री कम भएकाले मूल्य सस्तो भएपछि किसान चिन्तित बनेका हुन् ।
धनगढीमाई–१३ का किसान शुक्रलाल लामाले गोलबजारको मंगलबारे बजारमा बिक्रीका लागि ल्याएको बोका अन्यबेला २२÷२५ हजार रुपैयाँमा बिक्री हुने भए पनि जम्मा १३ हजार रुपैयाँमा बिक्री गरेको बताए । उनले भने, 'अरु बेला यही बोका २२÷२५ हजार रुपैयाँमा बिक्री हुन्थ्यो, आज त १३ हजारमै बिक्री गर्नु पर्यो ।'
बजारमा खरिद गर्नेभन्दा बढी खसी–बोका भएकाले दशैँको मुखमा पनि सस्तोमा बेच्न बाध्य भएको उनले सुनाए । उनले राम्रो मूल्य पाउँला र दशैँको खर्च जोहो गर्न सजिलो होला भनेर बोका पालेको बताए ।
दुर्गा पूजामा बोका बलि दिँदै आएका नरहा–५ का बलदेव यादवले यो वर्ष सोचेको भन्दा कम मूल्यमा बोका पाएकाले ठूलै बोका खरिद गरेको बताए । उनले अरु वर्ष १५÷१७ हजार रुपैयाँ पर्ने बोका यो पटक ११ हजार रुपैयाँमै खरिद गर्न पाएकामा खुसी व्यक्त गरे । उनले भने, 'सधैँ महँगोमा बोका किन्नुपर्थ्यो, यो पटक भने सोचेको भन्दा धेरै कम मूल्यमा बोका पाएँ ।'
गोलबजार–६ मा लाग्ने बाखाबजारमा अघिल्लो दशैँका बेला प्रत्येक हटियामा तीनसय भन्दा बढी बसीबोका बिक्री भए पनि यो वर्ष आधाभन्दा कम बिक्री भइरहेको बजारका ठेकेदार वीरेन्द्र यादवले बताए । उनले भने, 'दशैँका बेला हामीलाई खसी बोका पूर्जा बनाउन पनि हम्मे पर्थ्यो, हिजो आज हटियामा एकसय बिक्र पनि मुस्किल हुने गरेको छ ।'
दशैँका बेला बजार मूल्य ह्वात्तै बढे पनि खसीबोकाको मूल्यभने स्वात्तै घटेको छ । यसले बाख्रापालक किसान मर्कामा परेका छन् ।
बजारमूल्य बढेको र आर्थिक मन्दिका कारण बजारमा दशैँ आएजस्तो चहलपल देखिएको छैन ।



# माटो बेचेर दशैँ खर्च जोहो

**रासस**
**महोत्तरी ।**
दशैँ सुरु भएपछि गरिब बस्तीका महिला माटो बेचेर चाडवाडको खर्च जोहोमा लागेका छन् ।
दशैँमा विभिन्न रङ्का माटोले घर पोतेर चिटिक्क टल्कने बनाउने स्थापित मैथिल परम्पराले अहिले गरिब बस्तीका महिला माटो बेचेर दशैँ खर्चको जोहोमा लागेका हुन् ।
अहिले १०/२० जनासम्मको समूहमा महिला माटो खोज्न चार/पाँच घण्टाको बाटो छिचोलेर चुरे पहाडका रातो माटोका थुम्का खोस्निरहेका भेटिन्छन् । दशैँमा घर पोत्ने प्रयोजनका लागि कमेरो, चिम्टिलो पहेँलो र रातो माटोको माग हुने भएपछि ग्रामीण महिला विभिन्न रङ्का माटो सङ्कलनमा लागेका छन् ।
मधेशका अधिकांश भित्री बस्तीमा बाँसका चोयाको बारका भित्ता भएका घर हुन्छन् । यस्ता घरका भित्ता बर्सेनि दशैँ, तिहार र छठअघि माटोले पोतेर रङ्ग्याउने चलनले यी पर्वमा विभिन्न रङ्का माटोको माग बढ्छ । यसै अवसरलाई अहिले गरिब बस्तीका महिलाले नगद जोहोमा प्रयोग गरेका हुन् ।
अहिले फरक–फरक रङ्का माटोको खोजी गर्ने समूहको गन्तव्य नदीले दह जमाएका ठाउँको डिल, पुराना पोखरी र चुरे पाहाडक्षेत्रका रातो माटोका थुम्का भएका छन् ।
'कमेरो र पहेँलो चिम्टिलो माटो खोज्न नदी गहिरिएको डिल र पुराना पोखरी खोज्नुपर्छ, रातो माटो लिन चुरे नै पुग्नुपर्छ,' सखारै १० जनाको समूहमा रातो माटो खन्न १५/१६ किलोमिटर छिचोलेर बर्दिबास–३ को चुरे थुम्को पुगेका भङ्गाहा नगरपालिका–३ टिकुलिया बस्तीकी हेमकली चौधरी भन्छिन्, 'यही मेहनतले आफ्नो घर पोत्न र दशैँ खर्चको नगद जोहो गर्न माटो लगिन्छ ।' रातो माटो एक बोरा (४० किलो) घर पु¥याउन सके आफ्नो घर पोतेर नगद आर्जन गर्न पाइने उनी बताउँछिन् ।
पितृपक्ष सकिएर दशैँ प्रारम्भ भइसकेको छ । गरिब बस्तीका महिलाले भने १५ दिनअघि नै माटो खन्न, ओसार्न थालिएको बताएका छन् । माटो खन्ने काममा घरका परिवारजनको सहयोगले सहज भएको औरही–७ की पारोवती ठाकुरले बताए । अहिले गरिब बस्तीका महिलाको माटो ठम्याउने, खन्ने र ओसार्ने काममा व्यस्तता देखिन्छ ।
बस्ती नजिकैको रातु नदीको डिलमा कमेरो माटो खोस्निरहेकी भेटिएकी भङ्गाहा–४ पलार बस्तीकी सियान्कीदेवी बाँतरले भनिन्, 'कमेरे र पहेँलो माटो त यतै ओरपर खोज्दा पाइन्छ, तर रातो माटो लिन त १५/१६ किलोमिटर छिचोलेर चुरे नै पुग्नुपर्छ ।'
मधेशका खासगरी थारु, बाँतर र मुसहर बस्तीमा अहिले माटो सङ्कलनको होड चलेको छ । यी समुदायका महिला विभिन्न रङ्को माटोले घर पोत्न, कुन रङ्को माटो कसरी मिलाएर पोत्ने भन्ने र घर सरसफाइका काममा पोख्त मानिन्छन् । भङ्गाहा–५ राजपुरका ६८ वर्षीय पुरुषोत्तम पोखरेल भन्छन्, 'घर सरसफाइ, रङरोगन र सजावटमा थारु महिला सधैं उम्दा देखिन्छन् ।'
दशैँमा थारु, बाँतर र मुसहर महिलाको साथसङ्गतले अन्य जाति समुदायका महिला पनि अहिले माटो सङ्कलनमा लागेका छन् । दशैँअघि माटो जम्मा गर्नसके दशैँ मेलामा रमाउन र स–साना नानीको खानपिनको रहर पु¥याउन सहयोग पुग्ने गौशाला–१ रामनगरकी पवनवती महरा बताउँछन् ।
मधेशका ग्रामीण बस्तीमा काठेघर बढी हुने र तिनका भित्ता बाँसका चोया र कर्चीबाट बन्ने हुँदा लिपपोत माटोले नै गरिन्छ । प्रत्येक वर्षको दशैँमा घर पोत्ने चलन छ ।

# मिथिलाञ्चलको घरआँगनमा झिझियाको लोकभाका गुञ्जिन थाल्यो



**रासस**
**जनकपुरधाम ।**
'तोहरे भरोसे बरहम बाबा झिझिरी बनेलियै हो बरहम बाबा झिझिया पर होइयौ ने सवार अबोधबा बालक तोहर किछियो ने जनैछौं हो...।'दसैँ सुरु भएसँगै जनकपुरधामसहित सम्पूर्ण मिथिलाञ्चलको घरआँगनमा अहिले यस्तै लोकभाकाका झिझियाका गीत गुञ्जिन थालेको छ ।यतिबेला मधेश प्रदेशको राजधानी जनकपुरमा झिझियाको विशेष रौनक छाएको छ । यहाँका मठमन्दिरमा दसैँका लागि बनाइएका पन्डालमा साँझ महिलाले झिझिया नृत्य गर्दै रमाइलो गर्ने गरेका छन् ।मिथिलाञ्चलको प्रसिद्ध लोकनृत्य झिझिया अहिले कुनै पनि सांस्कृतिक कार्यक्रममा अनिवार्य हुन थालेको छ । यो मिथिलाको तान्त्रिक अनुष्ठानको नृत्य भएको मान्यता छ ।मैथिलीका साहित्यकार तथा वरिष्ठ पत्रकार रामभरोस कापडीले भने, 'दसैँका बेला बोक्सी (डाइन)ले मसान सिद्धि तथा तन्त्रमन्त्रका लागि अनुष्ठान गरी सर्वसाधारणको ज्यान लिन सक्ने खालको शक्ति प्राप्त गर्छन् ।
त्यसैले यस्तो शक्तिको प्रतिवाद गर्न अर्को तान्त्रिक अनुष्ठानका रूपमा यो नृत्य आयोजना गर्ने गरिएको जनविश्वास छ ।
घटस्थापनादेखि सुरु हुने भिझिया नृत्यको तयारी पनि विशेष हुन्छ ।'झिझिया नृत्य प्रारम्भ गर्न पूर्वतयारी गर्नुपर्नेबारे जानकारी दिँदै उनले भने, 'एक वा दुईटा सफा घैँटो किनेर त्यसलाई सफासुग्घर गरी प्वालै प्वाल बनाइन्छ । घैँटोको मुखमा राखिएको ढकनामा मट्टितेल हालेर आगो सल्काइन्छ ।
त्यसपछि टाउकामा राखेर नृत्यका लागि झिझिया तयार हुन्छ तर टाउकामा राखी नृत्य गर्नपूर्व झिझियालाई कुनै गुणी ओझाबाट मन्त्रद्वारा सिद्ध पारिन्छ ।'बोक्सीको आँखा नलागोस् भनेर धामीद्वारा झिझियालाई मन्त्रसहित छेकबार गरिन्छ । यसरी मन्त्रिएपछि पाँचदेखि १५ जनासम्मका महिला टोलीमध्ये एक वा दुई महिलाले टाउकामा आगो बलिरहेको घैँटो राखेर हातको सहारा बिना नाच्दै ब्रह्मस्थानमा पुगेर सबैभन्दा पहिले पूजा गरेर नृत्य गर्ने गर्दछन् । ब्रह्मस्थानमा नृत्य गरेलगत्तै झिझिया औपचारिकरूपमा सुरु हुन्छ ।
त्यसपछि घरघरमा गएर नृत्य देखाउने परम्परा रहेको छ । क्षीरेश्वरनाथ नगरपालिका–६ नयाँटोलका पुरोहित इन्द्रकान्त झाका अनुसार झिझियामा भएको प्वाल तन्त्रमन्त्र गर्ने बोक्सी (डाइन)ले गन्न सफल भइहाले भने उनीहरू तन्त्र सिद्धि गरी निकै शक्तिशाली हुन सक्ने जनविश्वास छ । त्यसैले झिझिया टाउकामा राखेपछि महिला निरन्तर नाच्छन् । नाच सक्ने बित्तिकै दियो निभाएर झिझिया राख्ने गरिन्छ । मैथिली संस्कृतिका जानकार महेन्द्रनगरका रमापति चौधरीले भने, 'महिलाद्वारा नै सञ्चालन र संयोजन हुने यो नृत्य मिथिलाञ्चलमा पारिवारिक सुरक्षाका लागि लोक अनुष्ठानका रुपमा लिइन्छ ।
झिझिया नृत्य घटस्थापनादेखि सुरु भई दसैँभर प्रदर्शन गरिन्छ । गाउँघरमा भिझियामा १५–२० जनाको समूहले पारम्परिक वाद्यवादन ढोलक, झाइल, झामर लिएर गीत गाउँदै यो नृत्य गर्छन् ।'प्रत्येकको घरघरमा गई सामूहिक नृत्य गर्ने र त्यहाँबाट घरधनीले कोसेलीस्वरूप पैसा वा चामल दाल सहयोग दिने चलन छ ।
भिझियालाई तन्त्रमन्त्र र जादुटुनाको प्रतिकात्मक मानिए पनि अहिले अन्धविश्वासभन्दा पनि सांस्कृतिक उत्थानका लागि यसको संरक्षण आवश्यक रहेको उनको भनाइ थियो । यो नृत्य सातौँ शताब्दीदेखि सुरु भएको अनुमान गरिएको छ । झिझिया नृत्यको महत्वपूर्ण पक्ष यसको गीत हो । यस्तै गीतको धूनसँगै झिझिया नृत्य सुरु हुन्छ ।अहिले यो नृत्य लोप हुँदै गएकाले मिथिला नाट्य कला परिषद्ले नेपाल भारतको विभिन्न ठाउँमा गरिने सांस्कृतिक कार्यक्रममा झिझियालाई विशेष प्रस्तुतिका रूपमा अगाडि बढाउँदै आएको छ । उक्त परिषद्ले केही वर्षयतादेखि पाँच सयभन्दा बढी झिझियाको नृत्य प्रदर्शन गरिसकेको छ । जनकपुरधामकै देवी चोकमा रहेका राजदेवी युवा क्लबले पनि दसैँको बेला प्रत्येक वर्ष झिझिया नृत्य प्रतियोगिताको आयोजना गर्ने गर्छ ।दसैँकै बेला जनकपुरको राम युवा कमिटी, महावीर युवा कमिटी र रामानन्द युवा क्लबले पनि भजन सन्ध्यामा झिझियाको विशेष प्रस्तुत गर्ने गर्छ ।

# स्कुटरको डिकीमा यति धेरै पैसा !



**मधेशदृष्टि**
**सप्तरी ।**
प्रहरीले श्रोत नखुलेको नगदसहित रुपनी गाउँपालिका–१ खाडो खोलाबाट दुई युवतीलाई नियन्त्रणमा लिएको छ ।
अग्निसाइर कृष्णासवरण गाउँपालिका–२ कि २७ वर्षीया सीमा भनिने सागर कुमारी चौधरी र सिरहा, लहान–१ कि २६ वर्षीया चन्दा कुमारी पक्राउ परेका हुन् । प्र १–०० ४८ प ३०९० नम्बरको स्कुटरमा सबार यी दुवैलाई रुपनी गाउँपालिका–१ स्थित खाँडो पुलमा रोकेर चेकजाँच गर्दा स्कुटरको डिकीमा ७ लाख ५० हजार रुपैयाँ बरामद भएको थियो ।
स्कुटर चालक सागरले लगाएको ज्याकेटको दाहिने खल्तीमा ३६ हजार ५ सय रुपैयाँ बरामद भएको थियो । दुवैलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिएको प्रवक्ता एवम् डिएसपी ढुण्डीराज नेउपानेले जानकारी दिए ।

# अशक्तलाई ह्विल चेयर

**मधेशदृष्टि**
**वीरगंज ।**
उपकार सेवा नेपालले एक वृद्धलाई ह्विल चेयर वितरण गरेको छ । लामो समयदेखि शारीरिकरुपले असक्त वृद्धलाई सस्थांले ह्विल चेयर प्रदान गरेको हो ।
संस्थाले वीरगंज महानगरपालिका–३० लालपर्साका ६२ वर्षीय राजु मियाँलाई ह्विल चेयर वितरण गरेको हो । लालपर्सास्थित मस्जिदमा कार्यक्रम गरी मियाँलाई ह्विल चेयर वितरण गरिएको सामाजिक अभियान्ता प्रकाश थारुले जानकारी दिए ।
कार्यक्रममा संस्थाका अध्यक्ष विद्याकुमारी सरावगी, सदस्य सज्जन अग्रवाल, नेकपा एमालेका अरबिन्द सिंह, स्थानीय शिक्षक राधेश्याम गुप्तालगायतको उपस्थिती थियो ।

# बलात्कार आरोपी वडाध्यक्ष पुर्पक्षमा

**मधेशदृष्टि**
**ओखलढुंगा ।**
बलात्कार आरोपमा पक्राउ परेका सुनकोशी गाउँपालिका–१० का वडाध्यक्ष छविरमण धमला पुर्पक्षका लागि कारागार चलान भएका छन् ।
स्थानीय २५ वर्षीयाले जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गामा असोज ५ गते दिएको जाहेरीको आधारमा अनुसन्धानका लागि धमलालाई प्रहरीले पक्राउ गरेको हो ।
हिरासतमा रहेका धमलालाई ओखलढुङ्गा जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका सूचना अधिकारी एवम प्रहरी निरीक्षक बालिस्टर सिंहले जानकारी दिए । धमलालाई कारागारमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बालिका बलात्कार आरोपमा पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
१५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले १७ वर्षीय बालकलाई गिरफ्तार गरेको छ । एक वर्षअघि भएको घटनामा उजुरी दिने हदम्याद गुज्रिनै लाग्दा जिल्ला प्रहरी कार्यालयले दर्ता गरी आरोपितलाई गिरफ्तार गरेको हो । स्वास्थ्य परीक्षण पनि घटनाको एक वर्ष पुग्नै लाग्दा भएको छ ।
विभिन्न प्रलोभन देखाई आरोपितले २०७९ कात्तिक २ गते राजविराजस्थित राजदेबी होटलमा लगेर बलात्कार गरेको बालिकाले बताएकी छिन् ।
पीडितकी आमाले यसअघि दिएको उजुरी प्रहरीले दर्ता नगरेकामा होटलमा दुवै बसेको प्रमाणका आधारमा पुनः असोज २३ गते उजुरी लिएर दर्ता गरिएको सप्तरी प्रहरीले जनाएको छ ।
जिल्ला प्रहरी कार्यालयले उजुरी दर्ता गरेर सोही दिन गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा पीडितको स्वास्थ्य परीक्षण गरेको छ ।

# चिनियाँ मूलका भारतीय पक्राउ




**रासस**
**काठमाडौँ ।**
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले ठूलो रकमसहित चिनियाँ मूलका भारतीय नागरिकलाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा चीनको सिचुआन प्रान्तबाट आएका थिन्ले छोदेन रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रमुख तथा प्रहरी नायब महानिरीक्षक अर्जुन चन्द ठकुरीले जानकारी दिए ।
उनका अनुसार मंगलबार दिउँसो चीनको सिचुआन प्रान्तबाट आई दिल्लीतर्फ जान लागेको अवस्थामा उनलाई १६ हजार चार सय ३० अमेरिकी डलर, ५४ हजार चार सय ५१ चिनियाँ युआन र पाँच हजार भारतीय रुपैयाँसहित पक्राउ गरिएको हो । छोदेनलाई प्रहरी वृत्त गौशालामा राखी आवश्यक अनुसन्धान सुरु गरिएको प्रहरीको भनाइ छ ।
पक्राउ परेका छोदेनको साथमा भारतीय राहदानी भएको प्र्रहरी नायब महानिरीक्षक चन्द ठकुरीले बताए । छोदेनबाट प्रहरीले बरामद गरेको रकम नेपाली ३१ लाख ५० हजार रुपैयाँ बराबर रहेको जनाइएको छ ।

# प्रधानमन्त्रीको एन्जिओग्राम

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड स्वास्थ्यपरीक्षणका लागि मंगलबार साँझ नर्भिक अस्पताल पुगेका छन् । दिउँसो छाती दुखेर असहज भएपछि निजी डाक्टरसँग परामर्श लिँदा साँझ अस्पतालमै बोलाइएपछि प्रचण्ड नर्भिक अस्पताल पुगेका हुन् ।
त्यहाँ उनका निजी चिकित्सक डा. युवराज शर्माले प्रधानमन्त्रीको 'एन्जिओग्राम' गरेका थिए । स्वास्थ्य परीक्षणपछि प्रधानमन्त्री राति नै निवास फर्केका छन् ।

# सीमापार आपराधिक गतिविधि नियन्त्रणमा सहकार्य



**रासस**
**चीन ।**
जनवादी गणतन्त्र चीनको भ्रमणमा रहेका उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ र चीनका सार्वजनिक सुरक्षामन्त्री एवम् चिनियाँ कम्युनिष्ट पार्टीका सचिवालय सदस्य वाङ सियाओहङबीच द्विपक्षीय भेटवार्ता भएको छ ।
भेटका क्रममा उनीहरूबीच नेपाल र चीन सम्बन्ध, द्विपक्षीय सहकार्यका विविध विषयमा विचारविमर्श भएको थियो ।
उपप्रधानमन्त्री श्रेष्ठले नेपाल 'एक चीन नीति'प्रति पूर्ण प्रतिबद्ध रहेको दोहोऱ्याए ।
'आन्तरिक तथा बाह्य राजनीतिक परिस्थितिमा फेरबदल भए पनि एक चीन नीतिप्रति नेपालको स्पष्ट र अटल अडान रहेको छ,' उनले भने ।
उपप्रधानमन्त्री श्रेष्ठले कानुन कार्यान्वयन, सीमा व्यवस्थापन तथा सुरक्षा अधिकारीको क्षमता अभिवृद्धिलगायत विषयमा द्विपक्षीय सहकार्यलाई अगाडि बढाउनेबारे छलफल गरेका थिए ।
उनले शान्ति सुरक्षा कायम गर्न तथा सीमापार आपराधिक गतिविधि नियन्त्रणका लागि सीमापार सुरक्षा सहकार्य बढाउनुपर्नेमा जोड दिए ।
भेटमा चिनियाँ सार्वजनिक सुरक्षामन्त्री सियाओहङले विपद् व्यवस्थापन क्षमता अभिवृद्धिका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई आवश्यक सहायता सामग्री निरन्तर उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।
नेपाल–चीन सीमा क्षेत्रका १४ वटा सीमा नाकालाई खुला भएकामा दुवै नेतृत्वले प्रशंसा गरे । उनीहरूले सीमा नाका खुला हुँदा द्विपक्षीय व्यापार प्रवद्र्धन मात्रै हुने नभई दुई देशबीचको जनस्तरको सम्बन्धलाई पनि प्रगाढ बनाउने विश्वास व्यक्त गरे ।
भेटवार्तामा नेपालका तर्फबाट उपप्रधानमन्त्री श्रेष्ठ, परराष्ट्र मन्त्रालयका सहसचिव अमृतबहादुर राई, गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई, उपप्रधानमन्त्री श्रेष्ठका स्वकीय सचिव सुरेशकाजी श्रेष्ठ र विपद् तथा जोखिम व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल तथा चीनका तर्फबाट सार्वजनिक सुरक्षामन्त्री सियाओहङसहित चिनियाँ उच्च अधिकारी सहभागी थिए ।

# मनसुन अवधिमा ९२ को मृत्यु, ३० बेपत्ता

**रासस**
**काठमाडौँ ।**
यसपालिको मनसुनका समयमा देशभर विपदजन्य घटनाबाट ९२ जनाको मृत्यु भएको छ ।
ती घटनामा परेर ३० जना बेपत्ता भएका छन् भने एक सय ६८ घाइते भएका छन् ।
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता ध्रुव खड्काले दिएको जानकारी अनुसार मनसुन अवधिमा सबैभन्दा बढी पहिरोका घटना भएको छ ।
प्राधिकरणले सिंहदरबारमा गरेको पत्रकार भेटघाटक्रममा उनले मनसुनका समयमा पहिरोका चार सय ५९, बाढीका एक सय ४२, भारी वर्षाका एक सय ६८ र चट्याङका एक सय २३ घटना भएको जानकारी दिए ।
यसपटक १३ दिन ढिला गरी मनसुन यही असोज २८ मा बाहिरिएको थियो भने एक दिन ढिला गरी गत जेठ ३१ मा भित्रिएको थियो । भित्रिँदा पनि नौ दिन ढिला गरी असार ८ गते देशभर फैलिएको थियो ।
यसवर्ष मनसुन एक सय २४ दिन रहेको थियो ।
यसपटक मनसुनमा पूर्वानुमान गरेअनुसार नै कम वर्षा भए पनि ठाउँठाउँमा ठूलो क्षति हुनेगरी भारी वर्षासँगै बाढीपहिरो आएको थियो ।

# दशैँको मुखमा प्रशासकीय अधिकृत हिँडेपछि...

**रासस**
**खोटाङ ।**
दिप्रुङ चुइचुम्मा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज रेग्मी बिना जानकारी घर हिँडेपछि दशैँ अगाडि भुक्तानी गर्नुपर्ने कर्मचारीको तलब तथा निर्माण व्यवसायीको भुक्तानी रोकिएको छ ।
हालै सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत रेग्मी निमित्त नतोकी तथा बिना जानकारी सोमबार बिहानै घर हिँडेपछि सबै काम रोकिएको गाउँपालिकाका सूचना अधिकारी पिएसपी चाम्चिङले बताए । दशैँ अगाडि भुक्तानी पाउनुपर्ने तलब भुक्तानी नै नगरी रेग्मी कार्यालय छाडेर घर हिँडेपछि अन्य कर्मचारी आक्रोशित बनेका छन् ।
बिना जानकारी कार्यालय छाडेर हिँडेका रेग्मीलाई २४ घण्टाभित्र कार्यालयमा हाजिर हुन निर्देशन दिएको गाउँपालिका प्रमुख लोकेन्द्र राईले जानकारी दिए । 'कर्मचारीले दशैँ अगाडि पाउनुपर्ने तलब पाएका छैनन् । काम सम्पन्न गरेका निर्माण व्यवसायीको भक्तानी दशैँ अगाडि नै भुक्तानी गर्नुपर्ने छ । यति धेरै काम अलपत्र छाडेर बिना जानकारी प्रमुख प्रशासकीय अधिकृत रेग्मी हिँड्नुभएछ,' उनले भने, 'उनलाई सम्पर्क गरी २४ घण्टाभित्र कार्यालयमा हाजिर हुन निर्देशन दिएको छु । यो कुरा मन्त्रालयमा पनि जानकारी गराएको छु । हाजिर नभएको खण्डमा कानुन बमोजिम कारबाही हुन्छ ।'
प्रमुख प्रशासकीय अधिकृत रेग्मीले भने घरमा जरुरी काम परेकाले अचानक सोमबार बिहानै विराटनगरस्थित घर गएको बताए । 'आइतबार राति अबेरसम्म कार्यालयमा बसेर अधिकांश काम सम्पन्न गरेको छु । बाँकी रहेको केही काम यहीँबाट गर्ने योजना बनाएको छु,' उनले भने, 'दशैँ अगाडि फर्किने सम्भावना छैन । यहाँबाट सम्भव नहुने काम दशैँपछि कार्यालय गएर गर्छु ।'
दिप्रुङ चुइचुम्मा गाउँपालिकामा अहिलेसम्म भुक्तानीसम्बन्धी सम्पूर्ण काम चेकमार्फत गरिने भएकाले सबै कागजात प्रमुख प्रशासकीय अधिकृतको घर पु¥याउन नसकिने गाउँपालिकाले जनाएको छ । भुक्तानी तथा कुनै पनि कामजात बोकेर प्रमुख प्रशासकीय अधिकृत खोज्दै गाउँपालिकाको कार्यालय बाहिर नजान लेखापाल तथा अन्य कर्मचारीलाई भनिएको गाउँपालिका प्रमुख राईले जानकारी दिए ।
प्रमुख प्रशासकीय अधिकृत रेग्मीबिना जानकारी कार्यालय छाडेर हिँडेको थाहा पाएपछि सामाजिक सञ्जाल फेसबुकमा विभिन्न प्रतिक्रिया आइरहेका छन् । केहीले गाउँपालिका प्रमुख राईले फर्जी बिलको आधारमा चेक काट्न दबाब दिएपछि प्रमुख प्रशासकीय अधिकृत फरार भएको 'स्टाटस' लेखेका छन् ।
सामाजिक सञ्जालमा गाउँपालिकाबारे टीकाटिप्पणी हुन थालेपछि गाउँपालिका प्रमुख राईले सोमबार राति नै विज्ञप्ति जारी गरी बिना प्रमाण भ्रमको खेती नगर्न÷नगराउन अनुरोध गरे ।
प्रमुख प्रशासकीय अधिकृत सरोज रेग्मी बिना जानकारी असोज २९ गते बिहानबाट बेपत्ता भएकाले उनको ज्यान सुरक्षाकोसमेत सम्यमतालाई मध्यनजर गर्दै खोजी कार्य भइरहेको विज्ञप्तिमा भनिएको छ ।
'सामाजिक सञ्जालमा बिना प्रमाण सिङ्गो गाउँपालिकाको मानमर्दन हुनेगरी दुष्प्रचार भइरहेको छ । केही व्यक्तिद्वारा गलत तथा कपोकल्पित, मनोमानी, स्वच्छाचारी र भ्रमपूर्ण ढङ्गबाट भएको दुष्प्रचारप्रति गाउँपालिकाको गम्भीर ध्यानाकार्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ, 'नेपालको संविधानमा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुँदाहुँदै भ्रमपूर्ण सूचना प्रवाह नगर्न नगराउन अनुरोध छ ।'

# गैरआवासीयलाई नागरिकता

**काठमाडौँ ।**
सरकारले गैरआवासीय नेपालीलाई गैरआवासीय नागरिकता प्रदान गर्न सुरु गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार आयोजित कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का कार्यकारी अध्यक्ष बद्री केसी र अध्यक्ष कुल आचार्यलाई गैरआवासीय नागरिकता प्रदान गरे । जिल्ला प्रशासन कार्यालय काठमाडौँले यही असोज २९ गते कार्यकारी अध्यक्ष केसी र जिल्ला प्रशासन कार्यालय पर्वतले यही असोज २८ गते अध्यक्ष आचार्यका नाममा नागरिकता जारी गरेको थियो । ती नागरिकता दुवै जिल्लाका प्रमुख जिल्ला अधिकारीले प्रधानमन्त्रीलाई हस्तान्तरण गरेका थिए । नेपालको संविधानको धारा १४ मा गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्न सकिने व्यवस्था छ । विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको साविकमा वंशजको वा जन्मका आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने संवैधानिक व्यवस्था छ । संविधान जारी भएको लामो समयपछि सरकारले नेपाल नागरिकता ऐन, २०६३ संशोधन गरी गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नागरिकता प्रदान गर्ने व्यवस्था मिलाएको थियो । सतहत्तरवटै जिल्लाबाट गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यवस्था मिलाइएको गृह मन्त्रालयका सचिव दिनेश भट्टराईले जानकारी दिए । गैरआवासीय नेपाली नागरिकताका लागि मंगलबारदेखि गैरआवासीय नेपालीले आवेदन दिन सक्नेछन् । आगामी कात्तिक १ गतेदेखि सबै जिल्ला प्रशासन कार्यालयबाट गैरआवासीय नागरिकता वितरण गरिने उनले बताए । गैरआवासीय नेपालीले लामो समयदेखि आफूहरूलाई नेपाली नागरिकता प्रदान गर्न माग गर्दै आएका थिए ।

**गैरआवासीयले नागरिकता प्राप्त गर्नु उपलब्धीः प्रधानमन्त्री**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निकै ठूलो सङ्घर्ष र मेहनतपछि गैरआवासीय नेपालीले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यवस्था गरिएको जानकारी दिएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार आयोजित कार्यक्रममा गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्दै उनले यो निकै ठूलो उपलब्धि हो भने । 'नेपालको संविधानमा गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसहितको गैरआवासीय नागरिकताको व्यवस्था गर्न मैले निकै ठूलो सङ्घर्ष र पहल गरेको छु, त्यसकै बलमा तपाईंहरूले संवैधानिक अधिकार प्राप्त गर्नुभएको छ', उनले भने । आफ्नो नेतृत्वको नयाँ सरकारको आग्रहअनुसार राष्ट्रपतिबाट नागरिकता विधेयक सदर भएपछि उक्त विधेयक कानुनमा परिणत भएको र नियमावली बनेको स्मरण गर्दै प्रधानमन्त्री दाहालले भने, 'मलाई विश्वास छ, विदेशमा रहनुभएका लाखौँ गैरआवासीय नेपालीहरूले यो नागरिकता कसको सङ्घर्ष र पहलबाट प्राप्त भयो भन्ने तथ्य राम्रोसँग बुझ्नुभएको छ । सबै साथी र सम्पूर्ण नेपाली जनसमुदायलाई पनि त्यसरी नै बुझाउनु हुनेछ ।' गैरआवासीय नेपालीसँग सम्बन्धित थुप्रै सवाललाई सरकारको नीति तथा कार्यक्रम र बजेटबाट सम्बोधन गरिएको उल्लेख गर्दै उनले विदेशी लगानीको न्यूनतम सीमा पाँच करोड रुपैयाँबाट घटाएर दुई करोड रुपैयाँ कायम गरिएको बताए । 'धितोपत्रको दोस्रो बजारमा गैरआवासीय नेपालीको लगानी खुला गर्न कानुनी व्यवस्था मिलाइएको छ, यसैगरी वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा आबद्ध गर्ने निर्णय लागू भइसकेको छ', उनले भने, 'यो एउटा ऐतिहासिक काम भएको छ । अहिलेसम्म तीन लाखभन्दा बढी श्रमिक साथीहरू यो अभियानमा आबद्ध भइसक्नुभएको छ । आगामी दिनमा यो सङ्ख्या अरु बढ्ने हाम्रो विश्वास छ ।' संसारभरि रहेका नेपाली नेपालका गैरआवासीय दूत भएको उल्लेख गर्दै उनले नेपालले गैरआवासीय नेपालीबाट धेरै अपेक्षा गरेको बताए । सरकारले सङ्घको स्थापनाकालदेखि नै सहकार्य गर्दै आएको जनाउँदै उनले चालु आर्थिक वर्षको बजेट वक्तव्यमा गैरआवासीय नेपाली लक्षित विभिन्न कार्यक्रम घोषणा गरिएको बताए । सङ्घका कार्यकारी अध्यक्ष बद्री केसीले गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गरेसँगै 'एकपटकको नेपाली, सधैँको नेपाली' भन्ने अभियान सार्थक भएको बताए । गैरआवासीय नेपालीको चाहनालाई सरकारले सम्बोधन गरेको उल्लेख गर्दै उनले सरकार र सम्पूर्ण राजनीतिक दलप्रति आभार प्रकट गरे । 'यो (नागरिकता) कागज होइन, अभिभारा पनि हो, यसबाट ठूलो अभिभारा थपिएको छ, विदेशमा बस्ने नेपालीले मातृभूमिको समृद्धिमा योगदान गर्नुपर्छ', उनले भने । अध्यक्ष कुल आचार्यले मुलुकको विकासमा 'डास्पोरा'को महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै मुलुक बाहिर रहेका नेपालीलाई नागरिकताले मातृभूमिसँग जोडेको बताए । सङ्घका संस्थापक अध्यक्ष उपेन्द्र महतोले गैरआवासीय नेपाली नागरिकता कागजको टुक्रोमात्र नभई गैरआवासीय नेपालीको मुटुको अंश भएको बताए । गैरआवासीय नेपालीले नागरिकता प्राप्त गर्ने कानुनी प्रबन्ध गरेकामा सरकार र सम्पूर्ण राजनीतिक दललाई धन्यवाद दिँदै उनले नेपाललाई समृद्ध बनाउन गैआवासीय नेपाली लागि रहेन विश्वास दिलाए ।

# एनआरएनएलाई नागरिकताले नेपालसँग नजिक्याउँछः राष्ट्रपति

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले गैरआवासीय नेपालीलाई नागरिकता दिने व्यवस्था भएबाट उनीहरुलाई नेपालसँग थप नजिक ल्याउन मद्दत पुग्ने विश्वास व्यक्त गरे । गैरआवासीय नेपाली सङ्घ (एनआरएन) को विश्व सम्मेलन तथा ११औँ महाधिवेशनको मंगलबार यहाँ उद्घाटन गर्दै राष्ट्रपति पौडेलले नेपालको संविधानले गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपाली नागरिकता दिने व्यवस्था गरेबाट एनआरएनएको माग सम्बोधन भएको बताए । राष्ट्रपति पौडेलले भने, 'नेपाल सरकारले विभिन्न नीतिगत तथा कानुनी व्यवस्थाको तर्जुमा गरेको छ । संविधान बमोजिम एनआरएनले नेपाली नागरिकता पाउने व्यवस्थाले तपाईंहरुलाई नेपालसँग थप नजिक ल्याउन मद्दत पुग्नेछ भन्ने मेरो विश्वास छ ।' उनले नेपाल र नेपालीको विकास र समृद्धिको आकांक्षा पूरा गर्ने कार्यमा ठोस् योगदान गर्न र विश्वका विभिन्न मुलुकमा रहेका नेपालीलाई एकताबद्ध गर्न एनआरएनएले विगतदेखि नै भूमिका खेल्दै आएको भन्दै आगामी दिनमा समेत नेपालको समग्र विकासमा यसले थप भूमिका निर्वाह गर्नेछ भने । 'विश्वको जुनसुकै कुनामा रहे पनि नेपाली नेपाली नै हो', राष्ट्रपति पौडेलले भने, 'शान्त, समृद्ध र समुन्नत नेपाल हेर्न र अनुभूत गर्न चाहनुहुन्छ भन्ने तपाईंहरूको व्यवहार र अभिव्यक्तिले स्पष्ट पारेको छ ।
यही आत्मियताले देशभित्र र बाहिर बस्ने नेपालीलाई एकताबद्ध गरेको छ भन्ने पनि मलाई लाग्छ । यही पृष्ठभूमिमा आयोजित यो सम्मेलनमा तपाईंहरूद्वारा प्रस्तावित छलफलका विषय र उद्देश्यहरू हामी सबैका लागि सान्दर्भिक ठानेको छु ।' उनले राजनीतिक परिवर्तन पश्चात देश आर्थिक विकासको चरणमा प्रवेश गरेको तर, सङ्क्रमणकाल लामो बन्दा मुलुकमा केही चुनौती पनि देखा परेको उल्लेख गरे । उनले भने, 'हामीले राज्यको प्रशासनिक पुनःसंरचना त ग¥यौँ, तर, राज्यको चरित्र र जीवन पद्धतिको पुनःसंरचना अझै हुन बाँकी छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रका निश्चित मूल्य मान्यता, सिद्धान्त र दर्शन छन् । जबसम्म ती मूल्य मान्यता, सिद्धान्त र दर्शनलाई हामी आत्मसात गर्न सक्दैनौँ तबसम्म ती चुनौतीहरूको सामना गर्न सक्दैनौ ।' राष्ट्रपति पौडेलले नेपाल प्राकृतिक र सांस्कृतिक सम्पदाको दृष्टिकोणबाट पनि वैभवशाली मुलुक भएको र यहाँको जातीय, भाषिक, सांस्कृतिक, धार्मिक, जैविक विविधता विश्वकै लागि अनुपम छन् भन्दै प्रकृति र संस्कृतिको यो अनुपम सगमलाई जोगाउँदै देश र जनताको हित प्रवद्र्धन गर्दै विश्व समुदायमा नेपाल र नेपालीको विशिष्ट पहिचान गराउनु हामी सबैको राष्ट्रिय कर्तव्य भएको बताए । उनले नेपाल बाहिर रहेर जीवनयापन गर्देगर्दा आफ्ना सन्तानहरूले आफ्नो भाषा, संस्कृति भूल्ने सम्भावना रहने हुँदा त्यसप्रति सचेत हुन एनआरएनएलाई आग्रह गरे । नेपालप्रतिको अपनत्व अभिवृद्धि गर्न र समाजसित अटुट निकटता राख्न नयाँ पुस्तालाई समय समयमा नेपाल ल्याउने र यहाँको संस्कृति, सामाजिक परिवेश तथा भूगोलसँग परिचित गराइराख्न पनि उनले एनआरएनएलाई अनुरोध गरे । 'नेपालमा विश्वप्रसिद्ध सगरमाथालगायत अग्ला र रमणीय पहाड मात्रै छैनन्, एकातिर यहाँ दुर्लभ जैविक विविधता पाइन्छ भने अर्कोतर्फ हिउँले भरिएको पहाड खानेपानीको मुहानको रुपमा परिचित छन् । तर, दुर्भाग्यवस विश्वव्यापी जलवायु परिवर्तनको दुष्प्रभावले गर्दा मूल्यवान् प्राकृतिक स्रोतहरु सङ्कटमा पर्न थालेको छन्', उनले भने । राष्ट्रपति पौडेलले आजको चुनौती कसरी जैविक विविधतालाई सुरक्षित राख्न सकिन्छ भन्ने रहेको उल्लेख गर्दै यी क्षेत्रमा पनि गैर आवासीय नेपालीले आफ्नो योगदान कसरी पु¥याउन सक्छ त्यो मेरो पनि चासोको विषय भएका बताए । उनले नेपालका आदिकवि भानुभक्त आचार्यको जन्मथलो चुँदी रम्घालाई साहित्यिक तीर्थस्थल एवम् नेपाली राष्ट्रिय एकताको भावनात्मक केन्द्रका रुपमा विकसित गर्ने एउटा योजनातर्फ पनि एनआरएनएको ध्यान आकर्षित गराए । राष्ट्रपति पौडेलले गैरआवासीय नेपाली विश्वसम्मेलन, ज्ञान सम्मेलन र युवा तथा महिला सम्मेलनले एनआरएनएको एकता र सहकार्यलाई थप सुदृढ र मजबुत बनाउनुको साथै नेपालसँगको सम्बन्ध अझ विस्तार गर्नेमा उनको विश्वास छ । उनले नेपालको विकास र समृद्धिको बाटोमा एनआरएनएको रणनीतिक साझेदारीलाई थप स्पष्ट र विस्तारित गराउन सम्मेलन उपलब्धिपूर्ण हुने विश्वास व्यक्त गरे ।

# गैरआवासीय नेपालीको विश्व सम्मेलन सुरु

*'ज्ञान र रुपान्तरण, समृद्धिको आधार' नारासहित सुरु भएको विश्व सम्मेलनको उद्घाटन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले विश्वभर छरिएर रहेका नेपालीलाई एकताबद्ध गर्न एनआरएनएको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे । विश्वको जुनसुकै कुनामा रहे पनि नेपाली भएको उनको भनाइ थियो ।मुलुकमा राजनीतिक परिवर्तनपछि आर्थिक समृद्धिको बाटो समात्न ढिला भएको भन्दै उनले सङ्क्रमणकाल लामो समयसम्म रहँदा आर्थिक समृद्धिका विषय ओझेलमा परेको बताए । प्रशासनिक पुनःसंरचना भए पनि शासकीय शैली अझै पनि परिवर्तन नसकेको उनको भनाइ छ । 'नेपालमा आर्थिक समृद्धिका लागि पर्यटन, पूर्वाधार, सूचना तथा सञ्चार क्षेत्रमा लगानीको ठूलो सम्भावना छ ।'*




**रासस**
**काठमाडौँ ।**
गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को ११औँ विश्व सम्मेलन, एनआरएनए अन्तर्राष्ट्रिय महासभा र तेस्रो एनआरएन ज्ञान विश्व सम्मेलन आजदेखि यहाँ सुरु भएको छ । 'ज्ञान र रुपान्तरण, समृद्धिको आधार' नारासहित सुरु भएको विश्व सम्मेलनको उद्घाटन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले विश्वभर छरिएर रहेका नेपालीलाई एकताबद्ध गर्न एनआरएनएको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे । विश्वको जुनसुकै कुनामा रहे पनि नेपाली भएको उनको भनाइ थियो ।मुलुकमा राजनीतिक परिवर्तनपछि आर्थिक समृद्धिको बाटो समात्न ढिला भएको भन्दै उनले सङ्क्रमणकाल लामो समयसम्म रहँदा आर्थिक समृद्धिका विषय ओझेलमा परेको बताए । प्रशासनिक पुनःसंरचना भए पनि शासकीय शैली अझै पनि परिवर्तन नसकेको उनको भनाइ छ । 'नेपालमा आर्थिक समृद्धिका लागि पर्यटन, पूर्वाधार, सूचना तथा सञ्चार क्षेत्रमा लगानीको ठूलो सम्भावना छ', राष्ट्रपति पौडेलले भने, 'हाम्रो छिमेकमा ठूलो बजार छ । नेपालमा लगानीको अपार सम्भावनाको उपयोग गर्नुहोस ।' आर्थिक विकास लागि आवश्यक पूर्वाधार बनाउन बहुपक्षीय साझेदारीसहित विदेशमा रहेका नेपालीको ज्ञान, सीप, पुँजी र प्रविधि महत्वपूर्ण रहने राष्ट्रपति पौडेलको भनाइ छ । नेपालको अर्थतन्त्रमा 'रेमिट्यान्स'ले महत्वपूर्ण भूमिका खेलेको र भुक्तानी सन्तुलन कायम गर्न सहयोगी भएको राष्ट्रपति पौडेलले उल्लेख गरे । 'नेपालको आन्तरिक क्षमतामा विकास गर्न सकेमा मात्र विदेशमा नेपालीले सम्मान पाउने अवस्था रहन्छ', उनले भने, 'नेपाल समृद्ध नभएसम्म विदेशमा नेपाली शिर उचो हुन सक्दैन । विदेशमा नेपाल र नेपालीको विशिष्ट पहिचान स्थापित गर्नु सबैको कर्तव्य हो ।' नेपालमा लगानी गर्न सहज बनाउन नीतिगत तथा कानुनी तर्जुमा गर्न सरकार तयार रहेको नेपाल प्रकृति र संस्कृतिको अनुपम रहेको उल्लेख गर्दै विदेशिएका नेपालीका आफ्ना सन्ततिको भाषा संस्कृति भुल्ने हुँदा नयाँ पुस्तालाई समय–समयमा नेपाल ल्याउन उनले आग्रह गरे । कार्यक्रममा परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले नेपालको आर्थिक समृद्धिको लक्ष्य पूरा गर्नका लागि गैरआवासीय नेपालीलाई आग्रह गरे । 'नेपालमा लगानीका लागि स्रोतको अभाव छ', उनले भने, 'नेपालमा लगानी गर्दा तपाइँहरुलाई सरकारले सहुलियत उपलब्ध गराउनेछ ।' उनले गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक, सांस्कृतिक नागरिकता दिइने पनि उनको भनाइ छ ।नेपाली वस्तु सेवाको विश्व बजारमा पहुँच स्थापित गर्न सरकार हातेमालो गर्न चाहेको उल्लेख गर्दै उनले ज्ञान हस्तान्तरण, युवा परिचालन र महिला सशक्तिकरणका लागि 'डायस्पोरा' सशक्त रुपमा अघि बढ्न आवश्यक रहेको बताए । विदेशमा रहने प्रत्येक नेपालीहरु नेपालका लागि अवैतनिक राजदूतका रूपमा रहने परराष्ट्रमन्त्री साउदले उल्लेख गरे । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले गैरआवासीय नेपालीलाई नेपालका आयोजनामा लगानी गर्न आग्रह गरे । 'नेपालमा लगानी गर्न पुराना र जटिल खालका नीतिगत र कानुनी संरचना छन् भने त्यसलाई परिमार्जन गरौँ । सम्भावनाको खोजी गरौँ र नेपालमै रोजगारी सिर्जना गर्ने वातावरण बनाऔँ', उनले भने । संयुक्त राष्ट्रसङ्घका नेपालका लागि आवासीय संयोजक हाना सिङ्गर हाम्डीले नेपालको स्थानीय अर्थतन्त्र निर्माणमा रेमिट्यान्सको ठूलो भूमिका रहेको र नेपालको विकास आवश्यकता पूरा गर्न गैरआवासीय नेपालीलाई स्वदेशमा थप लगानी गर्न सुझाव दिए । एनआरएनएका संस्थापक अध्यक्ष उपेन्द्र महतोले नेपालको आर्थिक विकास र समृद्धिका लागि देशभित्रकै नागरिक जुटेमात्र विदेशबाट पनि सहयोग र समर्थन मिल्ने धारणा राखे । 'मुलुक बनाउनका लागि सङ्कल्पको कमी छ । हामीसँग पर्याप्त क्षमता हुँदाहुँदै हामीले त्यसको प्रयोग नेपालमा गर्न चुकेका छौँ । जबसम्म देश बनाउन नागरिक आफैँ जुट्दैनन् तबसम्म मुलुक समृद्ध हुँदैन', महतोले भने । कार्यकारी अध्यक्ष डा बद्री केसीले विदेशमा रहेका नेपालीका केही समस्या रहेको उल्लेख गर्दै सरकारको समन्वयमा त्यस्ता समस्या समाधान गर्न सकिने बताए । उनले श्रम सम्झौता नभएको मुलुक इराकमा ३० हजारको सङ्ख्यामा नेपाली नागरिक काम गरिरहेको, अवैध बाटोबाट कुवेतमा महिला कामदार गइरहेको उल्लेख गरे । विगतका वर्षमा नेपालमा लागानी गर्नका लागि कानुनी व्यवधान रहेकामा अहिले सहज हुँदै गएको उनको भनाइ थियो । अहिले सरकार र गैरआवासीय नेपालीको संयुक्त लगानीको कम्पनी स्थापना भएकामा यसले विदेशमा रहेका नेपालीबाट ठूलो लगानी भित्रिने अपेक्षा गरे । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए आइसिसी) का अध्यक्ष रविना थापाले विदेशमा रहेका नेपालीलाई स्वदेशसँग जोड्न अघिकतम पहलको आवश्यकता रहेको बताइन् । एनआरएनएका अध्यक्ष कुल आचार्यले सरकारले गैरआवासीय नेपाली नागरिकता र सामाजिक सुरक्षा कोषको व्यवस्था गरेकामा धन्यवादज्ञापन गर्दै मताधिकारको सुनिश्चितताका लागि पनि आग्रह गरे ।
संसारभर छरिएर रहेका नेपाली विकासका सच्चा साझेदार बन्न सक्ने औँल्याउनु हुँदै अध्यक्ष आचार्यले नेपालको माटो बेचेर विदेशमा सम्पत्ति नजोड्न पनि उनले आग्रह गरे ।



## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८०/०७/०१ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले **बर्दिबास** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै **मिति २०८०/०५/११** गते **जनकपुर टुडे** पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ। अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ।

**ऋणी संस्थाको नाम : श्री सितामाई कृषि सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : भंगहा-८, सितापुर, महोत्तरी ।**
**दर्ता नं:- १६३०/२०७१/०७२ । हालको ठेगाना-भगंहा-५, महोत्तरी ।**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | | |
|---|---|---|
| **१) नाम : अनिल कुमार सिंह (अध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : अरुण कुमार सिंह<br>बाजे : मोती प्रसाद सिंह<br>ना प्र नं. : १२७२५०९१<br>ठेगाना : भंगहा-३, महोतरी | **२) नाम : श्रवण कुमार सिंह (उपाध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : विनय कुमार सिंह<br>बाजे: शिव लाल सिंह<br>ना.प्र.नं : १८३०६११९७<br>ठेगाना : भंगहा-३, महोतरी | **३) नाम: कैलाश साह तेली (सचिव तथा जमानिकर्ता)**<br>बुवा : नन्टुन साह तेली<br>बाजे : दुलार साह<br>ना.प्र.नं : १२७२५००६<br>ठेगाना : भंगहा-८, महोतरी |
| **४) नाम : सन्जु कुमारी साह (कोषाध्यक्ष तथा जमानिकर्ता)**<br>बुवा : मुसाफिर साह तेली<br>ससुरा : लाल बिहारी साह<br>पति : रामदेव साह<br>ना.प्र.नं : १८-१-०६२-३६२<br>ठेगाना : भंगहा-९, महोतरी | **५) नाम : जय चन्द्र सिंह (संचालक तथा जमानिकर्ता)**<br>बुवा : गोनी<br>बाजे : तिलक महतो<br>ना.प्र.नं : १८६२।२०४<br>ठेगाना : विष्णुपुर-४, सिरहा | **६) नाम : उमेश यादव (संचालक तथा जमानिकर्ता)**<br>बुवा : झपसी यादव<br>बाजे : रामेश्बर यादव<br>ना.प्र.नं : १२७५५७९२<br>ठेगाना : भंगहा-८,महोतरी |

**७) नाम : लाल वावु सिंह दनुवार (संचालक तथा जमानिकर्ता)**
बुवा : धनपत दनुवार, बाजे: हेम नारायण सिंह, ना.प्र.नं : १८३०६१।३०४, ठेगाना : भंगहा-४,महोतरी

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१.श्री तिलक महतोको नाति श्री गोनी को छोरा सिरहा जिल्ला बिष्णुपुर गा.पा. ०४ बस्ने श्री जयचन्द्र सिंहको नाममा मालपोत कार्यालय बर्दिबासमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला भंगहा गा.वि.स. वडा नं. ४ क को कित्ता नं. ५८४ को क्षेत्रफल ०-१-१९-० जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय बर्दिबासबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै सिमरा शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको ३५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्वन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ। धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ। उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ। लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिने छ। यदि ३६ औं दिनमा सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ। ३५ दिन सम्म ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।



**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५९८०१८२, Web: www.ncbl.coop


# गैरआवासीयलाई नागरिकता राष्ट्रघातः प्रभु




**काठमाडौं ।**
सरकारले सुरु गरेको गैरआवासीय नेपालीलाई नागरिकता वितरण अभियानको आम जनता पार्टीका अध्यक्ष तथा सांसद प्रभु साहले विरोध गरेका छन् ।
अध्यक्ष साहले गैरआवासीय नेपालीलाई नागरिकता दिनुलाई राष्ट्रघाती भन्दै सामाजिक संजालमार्फत विरोध जनाएका हुन् । उनले सरकारको अपराधजन्य कार्यकोविरुद्ध आम जनता एक भएर प्रतिवाद गर्नुपर्ने उल्लेख गरेका छन् ।उनले गैरआवासीय नागरिकता वितरणले विदेशी नागरिकता लिएका नेपालीहरुको नेपालमा रोकिएको अचल सम्पति बेचबिखन गरि विदेश लैजाने बाटो खुल्ने बताएका छन् ।'खर्बौ खर्बको चल सम्पति अवैध ढंगले विदेश पु¥याइसकेका तिनिहरुले अब आफनो अचल सम्पति पनि खुलेआम विदेश लान पाउँनेछन', उनले भनेका छन्, 'नेपालमा लुटेर राखेका सम्पति समेत विदेश लैजानलाई अब कानुनी समस्या हुनेछैन ।' दुनियाँमा कही नभएको दोहरो नागरिकताको प्रावधानले नेपाल छिट्टै खोक्रो हुने उनले टिप्पणी गरेका छन् । 'विदेशी लगानी नेपाल ल्याउनलाई यो दोहोरो नागरिकताको प्रावधान ल्याइएको भन्ने हल्ला मचाएर आज ठूलो राष्ट्रघाती कार्य हुँदैछ', उनको दाबी छ ।

अहंकारको लडाइँमा जो हार्छ,
उसले सर्वश्व जित्छ ।
–गौतम बुद्ध

## सम्पादकीय

## सम्भव छ राष्ट्रिय आन्दोलन ?

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतोले मधेशदृष्टिसँगको कुराकानीमा राष्ट्रिय मुक्ति आन्दोलनको कुरा गरेका छन् । मधेश आन्दोलनले पुगेन भन्दै उनले राज्यबाट उत्पीडित सम्पूर्ण समुदायले संयुक्त रुपमा निर्णायक आन्दोलन गर्नुपर्ने बताएका हुन् । पूर्व उपप्रधानमन्त्री समेत रहेका नेता महतोले भनेजस्तै अब फेरि पनि जनताले राष्ट्रिय मुक्तिको नाउँमा वा निर्णायक भनेर आन्दोलनका लागि तयार होलान त ? गम्भिर प्रश्न छ ।मधेश आन्दोलनमा उर्जा थप्न तत्कालिन सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले आन्दोलनमा सहभागी भएर सहादत भए सम्बन्धित परिवारलाई ५० लाख रुपैयाँ राहत स्वरुप उपलब्ध गराउने घोषणा गरेका थिए । उनको उक्त घोषणाले आन्दोलनको नाउँमा नागरिकलाई मर्न उद्धत गरेको भन्दै मानव अधिकारकर्मी तथा नागरिकस्तरबाट समेत कडा आलोचना भएको थियो । आन्दोलनमा सर्वसधारणलाई उकास्ने मात्रै होइन प्रदर्शनमा आफै अग्रमोर्चामा उपस्थित रहने स्वभावका नेता महतो संघर्षकै क्रममा विराटनगर नाकामा प्रहरीको लाठी खाएर घाइते पनि भए । मधेश आन्दोलनको सुरुवातमा भएको प्रथम संविधानसभा निर्वाचनमा मधेशवादी दलको जीत सम्मानजनक देखियो । तर, आन्दोलन सेलाउँदै गएको अवस्थामा भएको दोस्रो संविधानसभा निर्वाचनमा भने मधेशवादी दलको प्रतिफल निकै कमजोर साबित हुनपुग्यो । संविधान जारी हुँदै गर्दा पुनः आन्दोलन तताउन सफल भएका मधेशवादी नेताहरुको प्रभाव र आन्दोलनको रापतापले २०७४ सालमा भएको संविधान जारी भएपछिको प्रथम निर्वाचनमा ठिकठाकै उपस्थिति भएपनि पछिल्लो निर्वाचनले फेरि पुरानै अवस्थामा फर्काइदिएको छ । सद्भावना पार्टी मधेश मुद्दा लिएरै अस्तित्वमा आयो । कालान्तरमा विभिन्न सात कितामा विभाजित पनि भयो । मधेश आन्दोलनबाटै राजनीतिक दलको हैसियत प्राप्त गरेको मधेशी जनअधिकार फोरम पनि अनेक नाममा विभाजित हुँदै अहिले जसपासम्मको यात्रा तय गर्न सफल भयो । राजेन्द्र महतोको सद्भावना पार्टी, शरदसिंह भण्डारीको राष्ट्रिय मधेश समाजवादी पार्टी, महन्थ ठाकुरको तराई मधेश लोकतान्त्रिक पार्टी, महेन्द्र रायको तराई मधेश सद्भावना पार्टी, राजकिशोर यादवको मधेशी जनअधिकार फोरम गणतान्त्रिक तथा अनिल झाको नेपाल सद्भावना पार्टी मिलेर बनेको राष्ट्रिय जनता पार्टी (राजपा) हुँदै अहिले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बनेको छ । लोसपाका वरिष्ठ नेता महतोले राष्ट्रिय मुक्ति आन्दोलनको कुरा गरिरहँदा मधेशी, थारु, मुस्लिम, दलित र आदिवासी जनजातिले मिलेरै अघि बढ्ने विषय उठाएका छन् । उनले उठाएको यो विषय एक अर्थले सान्दर्भिक होला पनि । तर, प्रश्न आउँछ के यो विषय सहज छ ? अथवा सम्भव छ ? नेता महतोले संस्कृति रक्षा तथा सुशासनका लागि संघर्षरत समुदायलाई पनि साथ लिएर राष्ट्रिय मुक्ति आन्दोलनको अवधारणा ल्याएका हुन् । उनले यसका लागि लोसपाको नेतृत्व फेर्नुपरे पनि फेर्ने तर आन्दोलनको विकल्प नरहेको बताएका छन् । यसका लागि तयारी गर्न उनले तराई मधेशका जिल्लाहरुमा भेटघाट थालिसकेका छन् । मधेशको मुद्दा, थारुको अधिकार र आदिवासी जनजातिको सम्मानका लागि संविधान परिमार्जन गर्नुपर्ने मुद्दा लिएर राष्ट्रव्यापी आन्दोलन गर्ने अवधारणा ल्याएका महतो नेतृत्वको अभियानले कस्तो रुप लिने हो त्यो निकट भविष्यमा लोसपाले चाल्ने कदमले देखाउनेछ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# दशैँः आरम्भ र वर्तमान



सञ्जय साह मित्र

आज दशैँ नेपालमा सबैभन्दा ठुलो चाडको रुपमा मनाइन्छ, यसको प्राचीन स्वरुप कस्तो थियो ? यस विषयमा निकै कम चर्चा गरिएको पाइन्छ । दशैको वर्तमान स्वरुपको बारेमा भने धेरै वा दशैँभरि चर्चा भइरहन्छ । दशैँको चर्चा आउँदा सबैले बुझ्ने गरेको दश दिनको चाड भन्ने हो तर वास्तवमा घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म गरी यो पन्ध्र दिनको हुने गर्दछ । दशैँ दश दिनको वा दशैँ पन्ध्र दिनको ? यो बहसको विषय होइन तर दशैँ भन्ने नामले कुनै न कुनै किसिमले दशसित सम्बन्ध राख्दछ भन्ने अवश्य हो । दशैँलाई पन्ध्रैँ पनि भन्न मिल्थ्यो । दशैँलाई नेपालको मुख्य गरी पहाडी समुदायमा पन्ध्र दिनसम्म मनाइन्छ तर तराईमा भने यो दश दिनसम्म मात्र मनाइन्छ । यसर्थ तराई मधेशको लागि यो दश दिनसम्म मनाइने दशैँ नै हो । जति दिनसम्म मनाइने गरिएको भए पनि दशैँको पुरातन स्वरुप कस्तो थियो भन्ने कुरा आउँदा यसको स्वरुपभन्दा बढी सबैको ध्यान यसको धार्मिक पक्षसित जोडिन पुग्छ । यस पर्वको धार्मिक मान्यताको कुरो सबैभन्दा अगाडि आइपुग्छ ।

दशैँमा देवी भगवतीको पूजा गरिन्छ । यो पूजा कहिलेदेखि सुरु भयो भन्ने विषयमा अनेक किंवदन्ती पाइन्छ । र, यसै सम्बन्धमा सोझै भन्ने गरिन्छ कि असत्यमाथि सत्यको विजय भएकोले यो विजयको प्रतीक हो र असत्यमाथि सत्यको विजयको प्रतीकको रुपमा मनाइने भएकोले यसको महत्व अत्यन्त धेरै रहेको छ ।

पहिलो मान्यता यो रहेको छ कि यस दिन महिषासुरको बध माता कात्यायनी दुर्गाद्वारा गरिएको थियो प्राचीन कालमा । माताले देवताहरुको अनुरोधमा महिषासुरको बध गरेकी थिइन् । र, यो मानिन्छ कि त्यस दिन असोज शुक्ल पक्षको दशमी तिथि थियो । देवी भगवतीले महिषासुरमाथि दशमीको दिन विजय प्राप्त गरेको हुनाले यस दिनको नाम नै विजयादशमी रहन गएको हो । के भनिन्छ भने यो पर्व रामायण कालमा पनि मानिन्थ्यो र महाभारत कालमा पनि । देवीलाई महिषासुर मर्दिनी पनि महिषासुरलाई बध गरेपछि भनिएको हो । असत्यमाथि सत्यको विजय भनिएको पनि महिषासुरको बध गरिएपछि नै हो ।

वाल्मीकिद्वारा रचित रामायणका अनुसार भगवान रामले ऋष्यमूक पर्वतमा असोज शुक्ल प्रतिपदादेखि नवमी तिथिसम्म आदिशक्तिको उपासना गरेका थिए । यसपछि भगवान रामले किष्किन्धाबाट लंकाको लागि प्रस्थान गरेका थिए । अर्को मान्यता यो रहेको छ कि रामले रावणमाथि दशमीकै दिन विजय प्राप्त गरेका थिए । रामले रावणमाथि दशमीको दिन विजय प्राप्त गरेकाले यस दिनलाई विजयादशमी मानिएको हो भन्ने मान्यता रहेको छ ।

महाभारतसित पनि यस पर्वको सोझो सम्बन्ध रहेको कतिपयले देखाउने गरेका छन् । महाभारतमा धेरै संयोगहरु दशैँसित जोडिन पुगेको देखिन्छन् । सबैभन्दा पहिले यो मानिन्छ कि यसै दिन पाण्डवको बनवास भएको थियो । बाह्र वर्षको लागि भएको बनवास यसै दिन समाप्त भएको थियो र यसै दिन सफलतापूर्वक बनवास समाप्त भई एक वर्षको अज्ञातवास सुरुआत भएको थियो । अज्ञातवास समाप्त पनि यसै दिन भएको थियो । अज्ञातवास समाप्त भएपछि यसै दिन नै हो राजा विराटको दरबारमा रहेका पाँच भाइ पाण्डले राजा विराटको गाई चोर्ने कौरव सेनामाथि आक्रमण गरेको । अनि कौरव सेनालाई पाँच पाण्डवले हराएको । यसै दिन पाण्डवले कौरव सेनामाथि आफ्नो शक्ति परीक्षण गरेका थिए । महाभारत युद्धमा जुन सबैभन्दा ठुलो महाभारत युद्ध भनिन्छ, त्यस महायुद्धमा कौरव सेनामाथि यसै दिन पाण्डव सेनाले विजय प्राप्त गरेको पनि भनिन्छ । स्वाभाविक हो, दशमीको दिन विजय प्राप्तिको औपचारिक घोषणा भएको दिनलाई विजयादशमी मान्नु उचित नै हुन्छ । यसै कारण पनि यस दिनलाई विजयादशमी भनिएको हो ।

विजयादशमीको कथामा एउटा कथा शिवजीको पनि जोडिन्छ । भगवान शिवका ससुरो दक्ष प्रजापतिले महायज्ञ गरेका थिए । महायज्ञमा छोरी सती र ज्वाइँ शिवलाई बोलाएका थिएनन् । जब सतीले सुनिन् कि पिताले महायज्ञ गरेका छन्, तब उनलाई यज्ञमा जान मन लाग्यो । भगवान शिवले नबोलाएको ठाउँमा जानु हुँदैन, आदर मान केही हुँदैन भनेर सम्झाउँदै रोक्न खोजे तर सती मानिनन् । महायज्ञ भइरहेको आफ्नी माइतीघरमा उपस्थित भइन् । नभन्दै सतीले आफ्नो मानको कुरै होइन भगवान शिव अर्थात् आफ्ना पतिको पनि अपमान भएको देख्नु र सुन्नुप¥यो । सतीको सहन क्षमताभन्दा पनि बढी भएपछि सतीले यज्ञको अग्निकुण्डमा नै हाम फालिन् । मान्यता यो रहेको छ कि भगवान शिवकी पत्नी सतीले पिता दक्षको यज्ञको अग्निमा समाहित भएको दिन यही हो अर्थात् विजयादशमी नै हो ।

माथिका प्रसंग र सन्दर्भहरु पौराणिक हुन् । माथिका पौराणिक सन्दर्भहरु दशैँ मान्ने जति सबैले बुझेका छैनन् । धेरैलाई जानकारी पनि छैन । वास्तवमा समयक्रममा धेरै घटनाहरु यस दिन वा दशैँको अवधिमा भएका छन्, भएका हुन सक्छन् । विश्वको इतिहासमा, नेपालको इतिहासमा तथा हिन्दू क्यालेन्डरको इतिहासमा पनि । यी सबैलाई अहिले एकातिर राखौँ र यसको प्राचीन स्वरुपसित मिल्दो एउटा अर्को सन्दर्भलाई विचार गरौँ । दशैँको सन्दर्भ वा इतिहास कृषिसित रहेको मानिन्छ । यो किसानहरुको पर्व हो, उत्सव हो । असारमा धान रोपेपछि कृषकहरुले आफ्नो बालीको अवस्था हेरेर नै उत्सव मनाउन थालेका हुन् । सबैले बुझेका छौँ, असारमा धान रोपेपछि झन् बढी वर्षा हुन्छ, बाढी आउँछ । साउन र भदौ महिनामा धान हुर्कने गर्दछ । असोजमा जब धानमा बाला लाग्दछ तब किसानलाई हुन्छ कि अब धान फल्ने भयो । धान राम्ररी फल्ने भएपछि किसानहरुले उत्सव मनाउन थालेका हुन् । असोजको यो समयमा धान पाक्ने वा धान काट्ने वा खेतमा धान लहलहाउने वा कम्तीमा अब बाढी र वर्षाबाट जोगिएको हो र राम्रो उत्पादन हुन्छ भनेर करिब निश्चित भइसक्ने समय हो । यही निश्चितताले किसानमा उत्साह ल्याउने हुन्छ । उत्साहको सामूहिक प्रस्फुटन नै उत्सव हुने हुन्छ । कुनै उत्सवले निरन्तरता पायो भने संस्कृति बन्न पुग्छ । किसानहरुको यही उत्सव दश दिन वा पन्ध्र दिनसम्म चलेको हुनुपर्छ । र, यो पनि भन्न सकिन्छ कि यो आदि उत्सव हो र आदिम कालदेखि नै अर्थात् किसानहरुले वर्षा र बाढीबाट बाली जोगिएको भनेर मनमा हर्ष उमारेदेखि नै यस पर्वको उद्भव भएको हुनुपर्छ ।

आज दशैँको स्वरुप स्थान विशेष तथा भूगोल र समुदाय विशेषको आधारमा केही फरक हुन पुगेको पनि पाउँछौँ । हजारौँ वर्षदेखि मनाउँदै वा मान्दै आएको सन्दर्भलाई विचार गर्ने हो भने यो दशैँ पर्वले विभिन्न जातजाति, सम्प्रदाय तथा समुदायसम्म पुग्न र विस्तार पाउन समय लागेको हुनुपर्छ । र, हरेकले दशैँसित अपनत्व ग्रहण गर्न सकेको हुनुपर्छ । दशैँलाई आफ्नोपनको पर्व पनि मानिन्छ । हरेकले आफूले नै विजय गरेको भन्ने मान्ने गर्दछन् । आज पनि दशैँमा टीका लगाउने, जमरा हाल्ने, आशीर्वाद लिने र दिने चलन छ । यो सब किन हुन्छ भने जब कसैले कुनै ठुलो खुसी प्राप्त गर्दछ तब उसलाई शुभकामना, बधाई, आशीर्वाद तथा उत्साहवद्र्धक शब्द भन्दछौँ, स्नेह दर्शाउँछौँ, उत्साह बढाउँछौँ तथा सम्मान गर्दछौँ । यो हाम्रो सामाजिक चलन हो । यही सामाजिक तथा पारिवारिक चलन वा संस्कृतिको समुच्च्य नै दशैँ हो । दशैँमा हरेकले आफूले राम्रो काम गरेको भनेर देखाउने प्रवृत्ति छ । हो, हरेकले आफूले आफ्नो आसुरी शक्तिमाथि विजय प्राप्त गरेको, आफूले असत्यमाथि सत्यको विजय स्थापित गरेको वा आफू आफ्नै असत्यमाथि सत्यको विजय गराएको भन्ने देखाउने अवसर हो । यसको अन्तर्यमा समाज मात्र होइन, परिवार र व्यक्ति पनि रहेको छ । आसुरी शक्तिको तात्पर्य कुनै जमानामा रहेको सुर जातिका भन्दा बाहेकका जातिलाई भनिएको वा वर्तमानमा मानिएको पक्कै होइन । प्रवृत्तिलाई भनिएको वा मानिएको हुनुपर्छ । आजको समाजमा जे जति खराब प्रवृत्तिहरु रहेका छन्, तिनीहरुलाई स्वाभाविक रुपमा आसुरी प्रवृत्ति वा राक्षसी प्रवृत्ति भनिने गरिएको छ । हुन सक्छ, असुर वा राक्षस जातिभन्दा बाहेकका जाति जो यिनीहरुप्रति सहानुभूति राख्दैनथे, ले अलिकति बढी बढाइचढाइ नकारात्मक देखाएका होलान् । यो फरक कुरो हो । वर्तमानमा दशैँको पृथक समुदाय र पृथक भूगोलमा पृथक स्वरुप र मान्यता भएको प्रकृतिलाई विचार गर्दा दशैँ पर्व एउटै भए पनि यससित सम्बन्धित लोक मान्यता तथा मिथकमा पनि विविधता रहेको छ । यो लोक पर्व वा उत्सव पनि हो र शास्त्रीय उत्सव पनि हो भन्ने दृष्टिकोण रहेको पाइन्छ । जहाँसम्म कृषियुगको आरम्भ र उत्सवको चेतना विस्तारको सन्दर्भलाई विचार गर्ने हो भने यो पर्व लोक पर्व वा कृषकको उत्सव हो भने नितान्त शास्त्रहरुतिर विचार गर्ने हो भने अनेक शास्त्रीय घटनाहरुले परिपूर्ण यो महापर्व पूर्ण शास्त्रीय पर्व हो । आज जसरी हामीले यस पर्वलाई मनाइरहेका छौँ वा मानिरहेका छौँ, यसमा शास्त्रीयता र लौकिकता दुवैको सम्मिश्रण पाइन्छ ।

लामो सामाजिक परम्परामा दशैँका विभिन्न सांस्कृतिक मान्यताहरु स्थापित भइसकेका छन् । कतै झिझिया खेलिन्छ त कतै भक्तई हुन्छ । कतै टुपी जोगाइन्छ त कतै पूर्ण साकाहार जीवन बाँचिन्छ । कोही भक्तिभावमा लीन रहन्छन् त कोही साधनाको चरम देखाउन चाहन्छन् । कोही यस अवधिलाई अध्ययनको उत्कर्षको रुपमा प्रयोग गर्दछन् । कसैको लागि दशैँ ठुलो बेपार छ । कसैले दशैँलाई हरेक दिन बिहान र बेलुकी देवी भगवतीको विविध रुपको दर्शन गर्दछन् । कोही मन्त्रजापमा दशैँ देख्दछन् । कतै मिठो खाना र राम्रो लाउनमा दशैँ आएको मान्दछन् । कतै दशैँमा बलिको जोहो हुन्छ । बलिमा कतै बोको चढाइन्छ त कतै पाठी त कतै कुभिण्डो । मानिसहरुको आवतजावत, शुभकामना आदानप्रदानका अनेक शृङ्खला, सामाजिक सञ्जालको चञ्चलता, आशीर्वाद लिने तथा टीका थाप्ने होडबाजी आदिले यस पर्वलाई साँच्चिकै उत्सवहरुको पनि समुच्च्य रुप महोत्सव बनाइदिएको छ । समाजका सबै वर्गका मानिसहरु शिक्षक, विद्यार्थी, अभिभावक, लेखक, कवि, साहित्यकार, गायक, गीतकार, संगीतकार, कलाकार, कर्मचारी, किसान, व्यवसायी, उद्योगपति, राजनीतिज्ञ, गृहिणी, बालबालिका, युवा, प्रौढ, ज्येष्ठ नागरिक आदि सबैको दशैँ आफ्नै विशिष्टतायुक्त हुने गर्दछ । सबैले दशैँलाई निकै स्वाभाविक र निकै विशेष बनाउन चाहन्छन् । हरेकले व्यक्तिगत तथा पारिवारिक र सम्भव भएसम्म संस्थागत किसिमले दशैँ मनाउन चाहन्छन् र अधिकांशले यस उत्सवलाई विशिष्ट बनाउँछन् पनि ।

मानिसले आफ्नो विगतलाई त्यत्ति सम्झँदैन र वर्तमानलाई विशेष बनाउन प्रयत्न गर्दछ । दशैँमा पनि यस मानवीय प्रवृत्तिको दर्शन गर्न पाइन्छ । आजको दशैँ विगतका कैयौँ आयामहरुको मिश्रणयुक्त व्यवहार हो । दशैँ मान्ने समुदायबाट मानिस जहाँ जहाँ फैलिए, दुबोसरी दशैँ पनि विस्तारै विश्वव्यापी बन्दै गएको छ । बडा दशैँको पावन अवसरमा सम्पूर्ण मान्यजनसित आशीर्वादको अपेक्षा सबैले राखेजस्तै मैले पनि राखेको छु । सबैमा यस वर्षको बडादशैँको शुभकामना ।

~~~

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | | जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर | सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे | पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे | दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे | तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक यात्राको योग बनेको छ, बौद्धिक कार्यमा सफलता मिल्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
कुनै पनि रचनात्मक कार्यमा मन जानेछ, धन तथा मानमा वृद्धि गराउला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन हर्ष उल्लासका साथ बित्नेछ, न्यायीक क्षेत्र बलवान् देखिन्छ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
प्रेमिकाको सहयोगले अधुरा काम पूरा हुनेछन्, धेरै समयपछि आत्मीयजन सँग भेट होला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
यात्रा गर्दा सावधानी अपनाउनु होला, कुनै मालसामान हराउन सक्छ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
लामो तथा छोटो दुरिको यात्रा गराउला, तर पनि वैदेशिक क्षेत्र भने कमजोर रहला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
पारिवारिक जीवन तथा प्रेम सम्बन्ध राम्रो हुनेछ। कुनै पनि मनोरञ्जनमा सहभागी भईएला।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन भोगबिलास गर्ने साधनहरु प्राप्त हुनेछ, धन तथा पुत्रको लाभ होला ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
मनमा उत्साह बढ्नेछ, नसोचेको स्थानबाट लाभ हुनेछ, पुत्र तथा पत्नीको साथ सहयोग प्राप्त होला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
अनेक प्रकारका लाभ हुनेछ, धार्मिक कार्यमा मन जानेछ, उच्च पद तथा धन प्राप्त होला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
वैदेशिक रोजगारको अवसर आउनेछ, शत्रु पक्ष कमजोर होलान्, हरेक प्रकारका सुख प्राप्त होला।
~~~

# ‘आधारभूत संस्कृत भाषा’मा आकर्षण बढ्दो




**रासस**
**वालिङ ।**
स्याङ्जाको वालिङमा संस्कृत भाषाको संरक्षणका लागि सञ्चालन गरिएको आधारभूत संस्कृत भाषा कक्षामा युवा प्रशिक्षार्थी आकर्षित हुँदै गएका छन् । विश्व हिन्दू महासङ्घ स्याङ्जा, विश्व हिन्दू युवा सङ्घ स्याङ्जाको सहकार्य र केदारनाथ मन्दिरको आयोजनामा वालिङमा सञ्चालन भएको भाषा कक्षामा युवा प्रशिक्षार्थी आकर्षित हुँदै गएका हुन् ।एक महिना अघिदेखि सुरु गरिएको भाषा कक्षामा वालिङ तथा आसपासका पालिकाका एकसय जना भर्ना भई अध्ययन गरिरहेका कार्यक्रम संयोजक खगेन्द्रप्रसाद अर्यालले बताए ।

‘संस्कृत भाषा कक्षामा अहिले युवा बढी आकर्षित देखिएका छन्, विद्यार्थीको सक्रिय सहभागिता रहेको छ’ उनले भने, ‘भाषा कक्षाबारे धेरैले चासो लिएका छन्, आगामी चरणका कक्षामा समावेश गर्ने तयारी छ ।’ भाषा कक्षा सञ्चालन भएको एक महिना भइसकेकाले नयाँ प्रशिक्षार्थीलाई बीचमा सहभागी गराउँदा प्रभावकारी नहुने भएकाले अर्को चरणमा सुरुआतबाटै सहभागी गराउने संयोजक अर्यालले बताए ।

वालिङ–८ का सिलाइकटाइ व्यवसायी लीलाबहादुर रनपाल संस्कृत भाषा सिक्न पाउँदा खुसी लागेको बताउँछन् ।

सिलाइकटाइ व्यवसायका अलावा उनले आफ्नो समुदायमा हुने शुभकार्य तथा पितृ कार्य गराउँदै आएका छन् । किताब पढेको र आफूभन्दा अग्रजले गरेको देखेकै आधारमा कार्य गराउँदै आएका रनपालले संस्कृत भाषा कक्षामा सहभागी भएसँगै अहिले धेरै सहज भएको महसुस गरेका छन् । ‘हिजो धार्मिक तथा पितृ कार्य गराउँदा अप्ठ्यारा भएका विषयलाई आधारभूत संस्कृत भाषा कक्षामा सहभागी भई ज्ञान प्राप्त भएसँगै सहज भएको महसुस गरेको छु’ उनले भने, ‘यस्तो कक्षा पहिल्यै जो कोहीले भए पनि सञ्चालन गर्नुपथ्र्यो, ढिलै भए पनि सञ्चालन भएको छ यो हाम्रा लागि खुसीको कुरा हो ।’ जन्मदेखि मृत्युसम्मका कर्मकाण्ड गर्ने तरिका, नैतिक शिक्षा, आध्यात्मिक शिक्षा, हाम्रा जीवन पद्धतिका विषयमा गुरुकुलीय पद्धतिबाट ज्ञान लिइरहेको उनले बताए । संस्कृत भाषा कक्षा लिएसँगै संस्कृत भाषा उच्चारण तथा शुद्धिकरणमा पनि सहयोग पुगेको उनी बताउँछन् । पछिल्लो समय वैद्धिक सनातन धर्मप्रति विभिन्न प्रकारबाट प्रहार भइरहँदा संस्कृत भाषालाई लोप हुन नदिइ संरक्षण गर्नका लागि आधारभूत संस्कृत भाषा कक्षा सञ्चालन गरिएको विश्व हिन्दू महासङ्घ नेपालका केन्द्रीय सदस्य एवम् मुख्य प्रशिक्षक नेत्रप्रसाद पराजुली बताउँछन् । संस्कृत भाषाको संरक्षण गर्दै नयाँ पुस्तामा भाषा हस्तान्तरण गर्दै संस्कृत साहित्यको संरक्षण, सम्वद्र्धन र जगेर्ना गर्ने उद्देश्यसहित भाषा कक्षा सञ्चालन गरिएको उनले बताए । ‘वालिङ सञ्चालन भएको संस्कृत भाषा कक्षामा विशेष गरी युवाको सक्रिय सहभागिता रहेको छ’ उनले भने, ‘केही पहिलेदेखि कर्मकाण्ड गराउँदै आउनुभएका व्यक्ति पनि थप ज्ञान लिनका लागि सहभागी हुनुभएको छ ।’ कक्षामा वैद्धिक धर्म, संस्कार, संस्कृति, नैतिक शिक्षा, कर्मकाण्ड, ज्योतिष विद्या, पाठ पारायण तथा सामान्य ब्याकरणकाबारेमा अध्यापन गराइन्छ ।

तीन महिनाको अवधि रहने गरी सोही अनुसारको पाठ्यसामग्री तयार पारिएको छ । ‘कक्षामा संस्कृत भाषाप्रति युवा पुस्ताको रुचि राम्रो छ, माध्यमिक तहमा अध्ययनरत विद्यार्थी बाबुहरु पनि सहभागी छन्’ उनले भने, ‘भाषा कक्षालाई एउटा अभियानस्वरुप नियमितरुपमा अगाडि बढाउँछौं ।’ भाषा कक्षामा चार जना प्रशिक्षक हुनुहुन्छ । वालिङ–८ केदारनाथ मन्दिरमा साँझमा दैनिक एकघण्टा संस्कृत भाषा कक्षा सञ्चालन हुँदैआएको छ ।

# इमान्दार शिक्षकको कथा ‘कौसीद’




**काठमाडौँ ।**
केही समयअगाडि काठमाडौँमा मिटरब्याजको समस्याबाट पीडित र सार्वजनिक विद्यालयका शिक्षकले जनजीविका र सामाजिक सुरक्षाको विषय जोडेर आन्दोलन गरे । यी दुई आन्दोलनको विषयलाई चलचित्रको पर्दामा देखिएको छ । यही मर्ममा आधारित रहेर कुमार भाष्करले निर्देशन गरेको चलचित्र ‘कौसीद’ गत शुक्रबारदेखि प्रदर्शनरत छ ।

संस्कृत भाषामा ‘कौसीद’को अर्थ बैंकबाट लिइएको ऋणसम्बन्धी हो । मधेसको मिथिलानगरी जनकपुरमा जन्मेर हुर्किएका निर्देशक भाष्करले सिङ्गो नेपालको समास्यालाई चलचित्रको विषय बनाए । केही पुस्तकलाई मैथलीमा अनुवाद र केही छोटा चलचित्रको निर्देशन गरिसकेका निर्देशक भाष्करको यो ठूलो पर्दाका लागि पहिलो काम हो । ‘मैले शिक्षकको समस्यालाई भोग्ने शिक्षक भेटेको थिएँ । छोरालाई उच्च शिक्षा पढाउनुपर्यो, छोरीको विवाह गराइदिनुपर्यो, घर बनाउनुपर्यो, यो बेला सम्झिने भनेको बैंक हो । तर यी सबमा एक इमान्दार शिक्षक एक्लो हुन्छ, त्यहीँ भोगाइ पर्दामा छ’, निर्देशक भाष्करले भने, ‘यसलाई मैले दुई वर्ष अगाडि नै लेखेर तयार गरेको थिएँ । अहिले यो समस्या सबैको आँखामा परेको छ । हामीले चलचित्रमार्फत आफ्नै समाजको मौलिक विषयलाई उठाउन खोजेका थियौँ ।’

चलचित्रले एक शिक्षकको कथा व्यक्त गरेको छ । इमान्दार शिक्षकको भूमिकामा भोलाराज सापकोटा छन् । उनको श्रीमती ऋचा शर्मा र एक छोरा र एक छोरी छन् ।

छोरीको जन्मदिन मनाउने क्रममा घरबेटीले भाडाको विषय किचलो गरेपछि शिक्षक परिवारको जोडबलमा ऋण गरेर भए पनि घर बनाउन सफल हुन्छन् । श्रीमती, छोराछोरीको रहर हुँदै गर्दा सालोले बैंकमा चिनजान भएकाले सस्तो ब्याजमा ऋण मिलाइदिने भनेपछि शिक्षक सहमत हुन्छन् ।यद्यपि विद्यालयको तलबले घरघर्च टार्न नै धौधौ हुन्छ । इमान्दार भएकाले विद्यालयको विभिन्न निर्माणसम्बन्धी बोलपत्र, शिक्षक नियुक्तिका विषयमा उनले अनैतिक काम गर्दैनन् । यद्यपि बैंकको ब्याज तिर्न नसक्दा उनको नाम नै पत्रिकामार्फत खराब ऋणीको रूपमा प्रकाशित हुन्छ । त्यसपछि ती इमान्दार शिक्षकले के गर्छन् ? भन्ने विषयवस्तु नै चलचित्रमा देखाइएको छ । ‘यो कथाले आकर्षित गरेर मैले काम गरेको हुँ । यस्ता चलचित्र नेपालमा कमै बन्छन् र बनेकालाई एउटा कलाकारका हिसाबले हामीले हौसला दिनुपर्छ’, अभिनेता सापकोटाले भने । चलचित्रमा रुपेश दाहाल, परिक्षितविक्रम राणा, सदीक्षा गौतम, निर्भिक भट्टराई, सागर भट्टराई, सन्दीप लोहनीलगायत कलाकारले समेत अभिनय गरेका छन् ।




# असीमित बोल्न पाउने अभ्यास परिमार्जन जरुरीः राणा

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता एवम् प्रतिनिधिसभा सदस्य उदयशम्शेर जङ्गबहादुर राणाले संसदमा पूर्वप्रधानमन्त्री, प्रमुख प्रतिपक्षी दलका नेता, पूर्वसभामुखलगायतले असीमित समयसम्म बोल्ने पाउने पद्धतिमा परिमार्जन गर्ने बेला आएको बताएका छन् ।

रासससँग कुरा गर्दै उनले संसदमा कुनै मुद्दा उठेपछि सबै पार्टीका र स्वतन्त्र सांसदले अनिवार्य बोल्नै पर्ने प्रचलनले गर्दा पनि संसदीय प्रक्रिया लम्बिने गरेको उल्लेख गरे । संसदको लामो प्रक्रियाका कारण कतिपय अवस्थामा दिक्क पनि लाग्छ तर त्यही प्रक्रिया र वृहत छलफलका कारण पारित भएका विधेयक दिगो हुने उनको तर्क छ । यसलाई दुबै दृष्टिकोणले हेर्न सकिने उनले बताए । सांसद राणाले भने, ‘यसको अर्थ मैले संसदीय प्रक्रिया ‘सर्टकट’ बनाउनुपर्छ भन्न खाजेको होइन तर यसबारेमा सोच्नुपर्ने बेला आएको छ ।’ ललितपुर क्षेत्र नं १ बाट कांग्रेसका तर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित उनले साना मुद्दामा पनि प्रतिपक्षी दलहरुले संसद अवरुद्ध गर्दा संसदले अपेक्षाअनुसार काम गर्न नसकेको बताए । ‘विपक्षी पनि धेरै भए । केही दल र संसद अपरिपक्क रुपमा प्रस्तुत हुँदा पनि सदन अवरोध हुने गरेको छ’, उनले भने ।

सरकारले पर्याप्त विजनेश दिन नसकेकाले पनि सदनले पर्याप्त काम गर्न नसकेको उनको बुझाइ छ, ‘गठबन्धनका कारण सरकारमा धेरै पार्टी छन्, विधेयक ल्याउन पनि समय लाग्ने, अर्को कुरा संसदमा पार्टी पनि धेरै छन्” । संसद राणाले भने ।

अमेरिकाबाट स्नातकोत्तर अध्ययन गरेका उनले मुलुकका पछिल्ला भ्रष्टाचारका प्रकरण र अनियमितताका विषयमा सत्य, तथ्य छानविन गरी त्यसमा संलग्न दोषीलाई जो–केही भए पनि कारबाहीको दायरामा ल्याउन सबै दल एकजुट हुनुपर्ने सुझाव दिए । उनले भने, ‘सबै राजनीतिक नेतृत्व पार्टीगत धारणाभन्दा माथि उठेर मुलुकलाई समृद्धि बनाउनेतर्फ केन्द्रित हुनुपर्दछ ।’ सांसद राणाले संसद्को सांसद विकास कोषलाई कार्यान्वयनमा सर्वोच्च अदालतले रोक लगाएको विषयप्रति असन्तुष्टि जनाउँदै यसले विधायिकी अधिकार कुण्ठित भएको टिप्पणी गरे । उनले भने, ‘संविधानअनुसार हामीले जनतामा गरेको वाचा पूरा गर्न पनि केही विकास निर्माणमा सहभागी हुनैपर्छ, अहिलेको प्रणालीमा यो कही न कही जोडिन्छ ।

यसलाई अस्वभाविक रुपमा लिनु हुँदैन । आफ्नो क्षेत्रको विकासको जिम्मेवारी हाम्रो पनि हो । तर यसमा पारदर्शी हुनुपर्छ भन्नेमा सबै स्पष्ट हुनुपर्छ ।’ यो राज्यको शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्तविपरीत भएको उनको टिप्पणी छ । उनले भने, ‘यसबाट संसदको अधिकारमाथि हस्तक्षेप भएको भन्ने मलाई लागेको छ ।’

सांसदको पहिलो काम कानुन निर्माण भएको र त्यसबाहेक जनताको अपेक्षा र जनताबीच गरेका वाचा पूरा गर्न पनि केही गर्नुपर्ने उनको भनाइ छ ।विसं २०२६ मा ललितपुरमा जन्मिएका उनी १९ वर्षको उमेरदेखि नै नेपाल विद्यार्थी सङ्घबाट कांग्रेसको सक्रिय राजनीतिमा लागेका हुन् । राजनीतिक परिवारमै हुर्किएका उनी नेपाल तरुण दलमा विभिन्न भूमिका निर्वाह गरी केन्द्रीय अध्यक्ष बनेका थिए । कांग्रेसका केन्द्रीय सदस्य रहेका संसद राणासँग यस अघि दोस्रो संविधानसभामा सांसद र सभासद्को भूमिका निर्वाह गरेको अनुभव पनि छ । सदनमा सांसदको प्रस्तुतिका सन्दर्भमा सांसद राणाले जनताका प्रतिनिधिको सर्वोच्च थलो सङ्घीय संसदमा अनुशासित र संयमित भएर छलफलमा भाग लिनुपर्ने धारणा व्यक्त गरे । ‘सदनलाई मर्यादित तुल्याउन जनप्रतिनिधिको ठूलो भूमिका हुन्छ’, सांसद राणाले भने, ‘केही सांसदले कहिलेकाही प्रोपागाण्डा बनाउन र सामाजिक सञ्जालमा छाउनका लागि अनेक किसिमले उटपट्याङ कुरा बोलेको पनि देखिन्छ, यसको उत्पादकत्व भने केही पनि छैन ।’ पूर्वअर्थ राज्यमन्त्री समेत रहेका उनले संसदलाई प्रभावकारी बनाउन सांसदहरुले संयम रुपमा प्रस्तुत हुनुपर्ने र नैतिकवान बन्नुपर्ने धारणा राखे ।

सामाजिक सञ्जालमा छाउनेभन्दा पनि राष्ट्र निर्माणमा योगदान हुने गरी सदन र संसदीय समितिमा आफ्ना कुरा राख्नुपर्ने उनको भनाइ छ । उनले विभिन्न ४० भन्दा बढी मुलुकको भ्रमण गरेका छन् ।

# गाउँबस्तीबाटै सामाजिक भत्ता वितरण

**रासस**
**पाल्पा ।**
रामपुर नगरपालिका–१ का ७५ वर्षीय शेयरबहादुर खाण एक दिनको समय बिताएर बैंकमा पालो पर्खेर भत्ता सामाजिक सुरक्षा बुझ्ने गर्थे । उनलाई भत्ता बुझ्न रामपुर बेझाडस्थित बैंकमा नपुगेसम्म अर्को विकल्प थिएन । बैंकमा पालो पर्खेर रकम लिन उनले निकै समस्या झेल्नुपथ्र्यो । अहिले भने घण्टौँ समयसम्म बैंकमा पुगेर भत्ता बुझ्ने झन्झटबाट खाण मुक्त भएका छन् । पाल्पाको रामपुर नगरपालिकाले गाउँबस्तीमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरेपछि उनी औधी खुसी छन् ।



बैंकमा धेरै समय लगाएर पालो पर्खेर भत्ता बुझ्नुपर्ने, गाउँको बाटो गाडीमा आउनजान निकै समस्या, भत्ता बुझ्ने समय आएपछि बैंकसम्म कसरी पुग्ने भन्ने समस्याले निकै पिरोल्थ्यो, अब गाउँबाट भत्ता पाइने भएपछि हामी ज्येष्ठ नागरिकलाई आनन्द भयो’, उनले भने । आर्थिक अवस्था नाजुक भएका र शारीरिकरूपमा कमजोर बनेका नागरिकलाई गाडीमा धेरै रकम खर्चेर बैंकमा आवतजावत गर्न समस्या छ । वडा नं १ का स्थानीयले रामपुरको बेझाड बजारसम्म बैंकमा पुग्नमात्रै एकतर्फी दुई सयदेखि तीन सय रुपैयाँसम्म गाडी भाडामा खर्चनुपर्छ ।बैंकमा भत्ता बुझ्न जान भनेको समयमा गाडी नपाउनु, पानी परेका समय गाउँका कच्ची सडक बन्द हुने, गाउँमा पाकापुस्ताको मात्रै बसोबास रहेकाले बैंकसम्म पुगेर भत्ता बुझ्ने कार्य ज्येष्ठ नागरिकलाई सास्ती छ । कतिपय परिवारमा अशक्त, ज्येष्ठ नागरिक, बिरामी व्यक्तिलाई बैंकसम्म लैजाने आफन्त नहुँदा उनीहरूले अप्ठ्यारो परिस्थितिमा निकै कष्टसँग भत्ता बुझ्न विवश थिए ।गाउँबाट भत्ता बुझ्न पाउने व्यवस्था रामपुर नगरपालिकाले गरेपछि स्थानीय सरकार साँच्चिकै जनताको सरकार रहेको अनुभूति भएको खगिसरा खाम्चा बताउँछन् । यसअघि भत्ता बुझ्न पाउँदाको खुसीभन्दा पनि कसरी बैंकसम्म पुगेर घर फर्कने भन्ने पिरोल्ने गरेको खाम्चाको भनाइ छ ।

जनतासँग प्रत्यक्ष जोडिएको स्थानीय सरकार भएकाले उनीहरूलाई आफ्नै गाउँठाउँबाट सेवा दिने उद्देश्यले गाउँबस्तीबाटै सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरेको नगरप्रमुख रमणबहादुर थापाले बताए । ‘नगरपालिकाको दूरदराजमा रहेका नागरिकलाई भत्ता बुझ्न आवतजावत गर्न सहज बनाउन नगरको केन्द्रदेखिका टाढाका वडामा गाउँबस्तीबाटै भत्ता वितरण थालनी गरेका छौँ’, उनले भने, ‘वडाका पायक पर्ने स्थानमा नगर सरकारले भत्ता वितरण सुरु गरेको छ ।’

नगरको वडा नं १ को चार स्थानबाट भत्ता वितरण भइरहेको छ भने दसैँअगावै वडा नं १० मा पनि गाउँबस्तीबाटै सामाजिक सुरक्षा भत्ता वितरणको काम सक्ने, दसैँ पछाडि वडा नं ९ मा वितरण गर्ने नगरपालिकाले जनाएको छ ।ज्येष्ठ नागरिक, ज्येष्ठ दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित बालपोषण भत्ता गाउँबाटै बुझ्न पाउँदा स्थानीय उत्साहित छन् । नगरपालिकाले वडा–वडाबाट सामाजिक सुरक्षा भत्ता वितरणका लागि कृषि विकास बैंक शाखा कार्यालय रामपुरसँग सम्झौता गरी गाउँबस्तीमा कर्मचारी खटाएर काम गरिरहेको रामपुर–१ का वडाध्यक्ष तथा नगर प्रवक्ता कपिलबहादुर खाणले बताए ।

भत्ता वितरण गर्नुअघि कृषि विकास बैंक रामपुर शाखाले वडाका विभिन्न टोलबस्तीमा पुगेर बैंक खाता खोल्ने काम सम्पन्न भएपछि मात्रै भत्ता वितरणको काम सुरु भएको हो ।

नगरपालिकाले बैंकको पहुँचदेखि टाढा रहेका वडाबाट यस अभियानको थालनी गरेको छ ।जनताको घरदैलोमै सरकारको अनुभूति दिलाउन रामपुर नगरपालिकाले गरिब, विपन्न परिवारलाई घरमै पुगेर निःशुल्क स्वास्थ्य बीमा, घर तथा भवन निर्माणको क्षेत्रमा कार्यरत मजदुर वर्गको सुरक्षालाई मध्यनजर गर्दै मजदुर दुर्घटना बीमा, ज्येष्ठ नागरिक सम्मान, घर–घरमा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण, घरपरिवार, श्रीमान्को हिंसामा परेका महिलालाई राहतलगायतका विभिन्न सामाजिक कार्यमा जोड दिएर काम गरेको छ । रामपुर नगरपालिकाले पाल्पाका १०स्थानीय तहमध्ये भिन्न तरिकाले जनतालाई प्रत्यक्ष फाइदा पुग्ने खालका सामाजिक कार्यका गतिविधि अगाडि बढाएको छ ।

# चितवनमा न्यौपाने, रुपन्देहीमा सापकोटा

**रासस**
**चितवन ।**
चितवन उद्योग सङ्घको अध्यक्षमा सूर्यप्रसाद न्यौपाने चयन भएका छन् । सोमबार अबेर सम्पन्न अविधेशनले न्यौपानेको अध्यक्षतामा ३१ सदस्यीय नयाँ नेतृत्व सर्वसम्मत चयन गरेको हो ।समितिको उपाध्यक्षमा परमेश्वर भण्डारी, दिनुपकुमार बराल, गोपालप्रसाद गैरे, ताराबहादुर कार्की, गजेन्द्र घिमिरे, मदन घिमिरे रहेका छन् ।

अधिवेशनको उद्घाटन सत्रमा बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले सरकारले मात्रै चाहेर उत्पादन बढाउन नसक्ने बताए । उनले भने, ‘सरकार र व्यवसायीको साझेदारीमा उत्पादन बढाउन सकिन्छ ।’ सरकार उद्योगी–व्यवसायीको व्यवसाय बढाउन र प्रवद्र्धन गर्न तयार रहेको उनको भनाइ थियो ।उद्योग र उद्यमशीलतालाई मध्यनजर गरेर अघि बढ्नुपर्ने समय आएको उनले बताए । अहिले नेपालमा उद्योगतर्फ भन्दा सेवातर्फ धेरैको ध्यान जाँदा उद्योग व्यवसायमा समस्या देखिएको उनको भनाइ थियो । कार्यक्रममा प्रदेश सरकारका स्वास्थ्यमन्त्री उत्तम जोशीले राजनीतिक उपलब्धिलाई संस्थागत गर्न नसक्दा अहिलेको अवस्था आएको बताए । उनले भने, ‘देशमा राजनीति सुध्रिएमात्रै समस्या समाधान हुनसक्छ ।’ उद्योग सङ्घ चितवनका अध्यक्ष त्रिलोचन कँडेलको अध्यक्षमा सम्पन्न उद्घाटनसत्रमा घरेलु तथा साना उद्योग महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंह, नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष वीरेन्द्रराज पाण्डे, बागमती प्रदेश उद्योग परिसङ्घका अध्यक्ष लेखराज पोख्रेल, प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, उद्योग वाणिज्य सङ्घ चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले अहिलेको अवस्थामा उद्योग–व्यवसाय बन्द हुने स्थितिमा पुगेको बताए । यही अवस्था रहे व्यवसायी पलायन हुने उनीहरूको भनाइ थियो ।



रुपन्देही उद्योगीहरूको व्यावसायिक संस्था रुपन्देही उद्योग सङ्घको द्वितीय उपाध्यक्षमा हरिबहादुर खत्री निर्वाचित भएका छन् । सोमबार राति सम्पन्न मतगणनाको अन्तिम परिणाम अनुसार सङ्घको कार्यसमितिमध्ये केही पदाधिकारी र सदस्यमा सोमबार दिउँसो निर्वाचन सम्पन्न भएको थियो । सङ्घको २३औँ अधिवेशनमा संयुक्त प्यानल विजयी बनाएर निर्वाचनमा प्रतिस्पर्धा गरेका थिए ।यसैगरी निर्वाचन भएको कोषाध्यक्ष पदमा युवराज आचार्य, सचिवमा सुमन बस्याल, सहकोषध्यक्षमा विशाल बेलबासे विजयी भएको निर्वाचन समितिका प्रमुख यमलाल खनालले जानकारी दिए । यसैगरी दुई महिला सदस्यमा मीना थापा तुलाधर र शारदा भट्टराई विजयी भए । खुला सदस्यतर्फ कृष्णप्रसाद पोखरेल, नारायणप्रसाद खनाल, मोहनीलाल रिजाल, बलबहादुर गोदार, अभिषेख गुप्ता, किरण खरेल, चक्रपाणि तिवारी र अशोक कुँवर निर्वाचित भए । यसअघि नै सङ्घको अध्यक्ष पदमा दिलीप सापकोटा, वरिष्ठ उपाध्यक्षमा कृष्णप्रसाद पराजुली, प्रथम उपाध्यक्षमा जीवकान्त काफ्ले, महासचिवमा हिरामणि भट्टराई, महिला सचिवमा मन्जु भुसाल सर्वसम्मत निर्वाचित भएका हुन् ।

यस्तै एशोसिएट सदस्यमा प्रज्ज्वल थान्जु, आजीवन सदस्यमा माधवप्रसाद नेपाल, संस्थागत सदस्यमा गोविन्दप्रसाद भुसाल, बुटवल औद्योगिक क्षेत्रबाट लालप्रसाद बस्याल, बुटवल उपमहानगर सदस्यमा लालहरि पाण्डे, तिलोत्तमा सदस्यमा रमेशप्रसाद आचार्य, सैनामैना नगरपालिका सदस्यमा नारायण ज्ञवाली र शुद्धोधन गाउँपालिका सदस्यमा टङ्कनारायण आचार्य निर्विरोध निर्वाचित भएका निर्वाचन प्रमुख खनालले जानकारी दिए ।

# चार सय केभी क्षमताको दोस्रो ठूलो इनरुवा सबस्टेसन निर्माण सम्पन्न



**काठमाडौं ।**
मुलुकभित्रको विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरणका लागि महत्वपूर्ण मानिएको सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका–४ मा चार सय केभी क्षमताको इनरुवा सबस्टेशन निर्माण सम्पन्न भएको छ । ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस)मा आधारित स्वचालित नेपालको दोस्रो ठूलो चार केभी सबस्टेसन निर्माण सम्पन्न गरी सोमबार साँझ चार्ज गरिएको हो । मुलुकभित्र पूर्व–पश्चिम विद्युत आपूर्ति र भारतसँगको विद्युत व्यापारका लागि जिआईएस प्रविधियुक्त स्वचालित ढल्केबेर मुलुककै पहिलो र इनरुवा दोस्रो ठूलो सबस्टेसन हो । इनरुवामै २२०÷१३२÷३३ केभीको अर्को सबस्टेसन यसअघि नै निर्माण सम्पन्न भई सञ्चालित छ । हेटौंडा–ढल्केबर–इनरुवा ४०० केभी सबस्टेसन विस्तार आयोजनाअन्तर्गत निर्माण गरिएको ४००÷२२० केभी इनरुवा सबस्टेसनमा तीन सय १५ एमभिए क्षमताका तीन थान पावर ट्रान्सफर्मर छन् । जसको क्षमता नौ सय ४५ एमभिए छ ।
इनरुवा–ढल्केबर ४०० केभी प्रसारण लाइन निर्माण सम्पन्न भएपछि इनरुवा सबस्टेसनबाट करिब चार हजार मेगावाट विद्युत् आदान प्रदान हुन सक्ने छ ।
इनरुवा–ढल्केबर प्रसारण प्रसारण लाइनको अहिले तार तान्ने काम भइरहेको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतले निर्माणाधिन सवस्टेशन तथा प्रसारण लाइन निर्माणलाई तीव्रता दिन प्राधिकरणका कार्यकारी निर्देशकलगायतका कर्मचारीलाई निर्देशन दिएका छन् । उनले प्रसारण लाइनको अभावमा उत्पादित बिजुली खेर जाने अवस्था आउन नदिन सबै उपाय अबलम्बन गर्न समेत निर्देशन दिनुभए अनुसार सवस्टेशन निर्माण सम्पन्न गरिएको प्राधिकरणले जनाएको छ । नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कोशी प्रदेशका विभिन्न जिल्लामा पर्ने जलविद्युत आयोजनाबाट उत्पादित विद्युत् प्रसारण गर्न, स्थानीय रुपमा खपत गर्न र देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारततर्फ निर्यातका लागि इनरुवा सबस्टेसन मेरुदण्डका रुपमा रहेको बताए ।
'सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत प्रवाहका अतिरिक्त स्थानीय रुपमा आपूर्ति समेत गरिने छ, यसबाट त्यस क्षेत्रको भोल्टेज सुधार भई विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुने छ, यही सबस्टेसनबाट भारतसँगको विद्युत् व्यापारका लागि इनरुवा–पूर्णिया चार सय केभी अन्तरदेशीय र नेपाल, भारत तथा बंगलादेशबीचको व्यापारका लागि इनरुवा–अनारमनी चार सय केभी प्रसारण लाइन प्रस्ताव गरिएको छ', कार्यकारी निर्देशक घिसिङले भने ।
पूर्व–पश्चिम विद्युत् आपूर्ति गर्न र भारतर्फ थप विद्युत् प्रवाह तथा क्षेत्रीय विद्युत् व्यापारका लागि इनरुवा सबस्टेसन अर्को ठूलो हव बनेको प्राधिकरणको बुझाइ छ ।
मोरङ–सुनसरी औद्योगिक करिडोरका उद्योगलाई थप विद्युत दिन र आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन इनरुवा सबस्टेसनलाई महत्वपूर्ण मानिएको छ । अरुण तथा तमोर नदी र त्यसका सहायक खोलानालामा निर्माण गरिएका÷हुने जलविद्युत आयोजनाबाट उत्पादित विद्युत् कोशी करिडोर दुई सय २० केभी प्रसारण लाइनमार्फत इनरुवा सबस्टेसनमा जोडिने छ । कोशी करिडोरको इनरुवा–बसन्तपुर–तुम्लिङटार खण्ड निर्माण सम्पन्न भइसकेको छ भने वसन्तपुर–ढुङ्गेसाँघु खण्ड निर्माणाधीन छ । यस्तै, तुम्लिङटार–शीतलपाटी दुई सय २० केभी प्रसारण लाइन आयोजना पनि निर्माणाधीन छ । अरुण हव–इनरुवा चार सय केभी प्रसारण लाइन निर्माण प्रस्ताव गरिएको छ । आयोजना प्रमुख शुक्र देवकोटाले इनरुवा सबस्टेसनलाई आगामी दिनमा थप विस्तार गर्दै जान मिल्ने गरी निर्माण गरिएको बताए । वर्खाको समयमा तराईमा हुने डुवान, विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ रोकथाम तथा नियन्त्रणका लागि लागू गरेको बन्दाबन्दी र निषेधाज्ञाका कारण उपकरण तथा प्राविधिक आउन नसक्दा सबस्टेसनको निर्माण प्रभावित भएको थियो । विसं २०७८ कात्तिकमा सबस्टेसन निर्माण क्षेत्रमा आएको बाढीले उपकरणमा क्षति पुगी पुनः आयात गर्नु पर्दा निर्माणमा केही ढिलाइ भएको आयोजना प्रमुख देवकोटाले उल्लेख गरे ।
आयोजनाअन्तर्गत नै चार सय केभी ढल्केबर सबस्टेसन निर्माण सम्पन्न भई सञ्चालनमा छ भने हेटौंडा सबस्टेसन निर्माणको अन्तिम चरणमा छ । इनरुवा र हेटौंडा सबस्टेसन निर्माणका लागि २०७५ पुसमा ठेक्का सम्झौता भएको थियो । नेपाल सरकार र प्राधिकरणको लगानीमा निर्माण भएको इनरुवा सबस्टेसनको अनुमानित लागत १ करोड ४३ लाख अमेरिकी डलर र २० करोड ४८ लाख रुपैयाँ रहेको छ । सबस्टेसन निर्माणको सुपरीवेक्षण एनइए इन्जिनियरिङ कम्पनीले गरेको थियो ।

# किसानको उत्पादन बिक्री नभए सहकारीले किन्ने

**रासस**
**ढोरपाटन ।**
बागलुङको गलकोट नगरपालिका–११ रिघाकी आशा श्रीषले व्यवसायिक तरकारी खेती गर्दै आएको वर्षौं भयो । गाउँमा उत्पादन गरेको तरकारी बजारीकरणमा निकै समस्या थियो । दैनिक गाडीमा तरकारी बजार पठाउँदा भाडा पनि उठाउन समस्या थियो ।
उत्पादनले उचित मूल्य पाउन गाह्रो थियो । अब आशाजस्ता सयौँ किसानले उत्पादन गर्ने तरकारी तथा फलफूलले मूल्य पाउने भएको छ । नगरपालिका र गौमुखी कृषि विकास सहकारीको सहकार्यमा हटिया बजारमा हाटबजार तथा तरकारी सङ्कलन केन्द्र सञ्चालनमा आएको छ । गलकोट क्षेत्रका अधिकांश नागरिक कृषि क्षेत्रमा आबद्ध भए पनि अहिलेसम्म हाटबजार सञ्चालन भएको थिएन । यही असोज २८ गते हाटबजार तथा तरकारी सङ्कलन केन्द्र स्थापना भएपछि कृषक हर्षित भएका छन् ।
एउटै गाउँमा दर्जनौँ कृषकले व्यावसायिक तरकारी खेती गर्दै आए पनि बजार र उचित मूल्य नपाउँदा समस्या भोग्दै आएको उनले बताए । गाउँमा रासायनिक मल प्रयोग नगरी जैविक तरकारी र फलफूल उत्पादन गर्दै आएको उनको भनाइ छ । अब बजार तथा ग्रामीण क्षेत्रको उत्पादनले सहज रुपमा बजार पाउने श्रीषले विश्वास व्यक्त गरिन् । उनले आफूले मौसमी र बेमौसमी तरकारी उत्पादन गरिरहेको भन्दै बजार नपाउँदा कुहिएर नष्ट हुँदा लाखौँ रुपैयाँ नोक्सानी भोग्नुपरेको स्मरण गरे । 'नगरपालिका र सहकारीले हाम्रो लागि ठूलो काम गरेको छ, धेरै किसान बजार नपाए विचलित हुनुभएको थियो, कयौँ कृषि पेसा छाडेर विदेश पनि जानु भयो, अहिले गर्दै आउनुभएका कुनै पनि किसानले आफ्नो पेसा छाड्न पर्दैन कि भन्ने आशा गरेका छौँ', श्रीषले भने, 'हाम्रो मुख्य समस्या बजार र मूल्यको थियो, गाउँमा धेरै बिक्री गर्न सकिँदैन, बजारमै ल्याउनुपर्छ, बजारमा ल्याउँदा गाडीको भाडा नै नउठ्ने डर हुन्थ्यो, अब सहज हुने भयो ।'




गलकोट–१ का कृषक रवीन्द्रबहादुर बुढाथोकी अब आफूजस्ता किसान ठगिन नपर्ने बताए ।
नगरपालिका र गौमुखी सहकारीले तरकारी तथा फलफूल बिक्रीका लागि मूल्य सूची बनाएको हुँदा उपभोक्ता तथा किसान कोही पनि ठगिन नपर्ने उनी बताउँछन् । गलकोट क्षेत्रमा लामो समयदेखि कृषि गर्दै आएका किसानले अब राज्य भएको अनुभूति गर्न पाउने बुढाथोकीको भनाइ छ । उनले भने, 'अब कृषकले जति उत्पादन गरे पनि खेर नजाने भो, बिक्री हुँदैन कि भनेर चिन्ता गर्ने दिन गए, हामीले जति उत्पादन गरे पनि हाटबजारमा ल्याएर बेच्ने छौँ, बजार–बजारमा पनि गएर बिक्री गर्न पाइने छ, बिक्री नभएको तरकारी र फलफूल सहकारीले राख्ने र त्यसको मूल्य हामीहरुलाई उपलब्ध गराउने छ, अब हामीहरु उत्साहका साथ उत्पादनमा लाग्ने छौँ, पहिले नै यो काम भएको भए धेरै मान्छेहरु व्यावसायिक तरकारी खेतीमा लाग्ने थियौँ ।'
गौमुखी कृषि विकास सहकारी संस्थाका अध्यक्ष शिवकुमारी खत्रीले आफूहरुले विसं २०६४ देखि थालेको प्रयास अहिले सफल भएको बताए ।
सहकारीमार्फत किसानको समस्या समाधान गर्न, उनीहरुलाई प्रविधिसँग जोड्न र आयआर्जनलाई बलियो बनाउनका लागि लामो समयदेखि काम गर्दै आएको अध्यक्ष खत्रीको भनाइ छ । अघिल्लो वर्षदेखि नगरपालिकासँग सहकार्यमा जग्गा व्यवस्थापन गरी हाटबजार र सङ्कलन केन्द्र निर्माणपछि सञ्चालन सुरु गरिएको बताए । हाटबजार हप्तामा एक दिन सञ्चालन गर्ने र बिक्री नभए किसानको तरकारी तथा फलफूल प्रत्येक दिन आफूहरुले राखिदिने उनले बताए ।
किसानको बिक्री नभएका वस्तु प्रशोधन गरी विभिन्न परिकार बनाउने अध्यक्ष खत्रीको भनाइ छ । प्रशोधनका लागि मेसिनसमेत खरिद गरिसकेको उनी बताउँछन् । 'अब किसानका कुनै पनि उत्पादन नोक्सान हुने छैनन्, उहाँहरुले बेच्न सकेको बेच्नुहुन्छ, नसकेको हामीले राखेर उहाँहरुलाई रकम दिन्छौँ, उहाँहरुले बेच्ने मूल्यभन्दा प्रतिकिलो पाँच रुपैयाँ बढी रकम उपलब्ध गराउँछौँ', अध्यक्ष खत्रीले भने, 'कृषि गर्दै आएका कृषकहरु ठगिएको अवस्था थियो, जसले धेरै दुःख गरेर उत्पादन गर्छ, त्यसले उचित मूल्य पाएको थिएन, उपभोक्ताले पनि महङ्गोमा उपयोग गर्नु पथ्र्यो, उहाँहरुले जति उत्पादन गर्नुहुन्छ, बिक्री भएन भनेर चिन्ता गर्नु पर्दैन, हामीहरुले उहाँको उत्पादन राख्छौँ, अब कृषकहरु उत्पादनमा लाग्नुपर्छ ।' नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले किसानलाई व्यावसायिक बनाउनका लागि हाटबजार सञ्चालनमा ल्याइएका बताए ।
यहाँका हरेक घरमा फलफूल तथा तरकारी उत्पादन हुने र बिक्री नहुँदा यतिकै खेर गइरहेको हुँदा नगरपालिकाभित्रका सबै नागरिकको आयआर्जनमा टेवा पु¥याउनका लागि नगरपालिकाले १० लाख रुपैयाँ विनियोजन गरी सहकारीसँग सहकार्यमा हाटबजार तथा तरकारी सङ्कलन केन्द्र सञ्चालन गरेको उनी बताउँछन् । हाटबजार सञ्चालनसँगै नगरपालिकाले किसानलाई उन्नत जातका बीउबिजन वितरण, आवश्यक अनुदान, तालिम तथा पराशर्म र प्राविधिक सहयोग गर्दै आएको प्रवक्ता भण्डारी बताउँछन् ।
हरेक किसानको तरकारीमा नगरपालिकाले प्रतिकिलो र तीन थप गरिदिने उनको भनाइ छ ।
हाटबजार र तरकारी सङ्कलन केन्द्रमा ११ कक्ष निर्माण गरिएको छ । यी कक्षमा पालिकाका ११ वटै वडाका किसानले उत्पादन गरेका वस्तु बिक्रीका लागि राखिने भण्डारीले बताए । अब गाउँ–गाउँबाट सबै किसान बजारमा आउनु नपर्ने उनी बताउँछन् । गाउँमा उत्पादन भएको वस्तुलाई सङ्कलन गरी एकजना कर्मचारीमार्फत हाटबजारमा ल्याएर बिक्री गर्ने व्यवस्था मिलाएको भण्डारीको भनाइ छ ।

# 'प्रिय मित्र' सि लाई भेट्न पुटिन चीनमा

**एएफपी**
**बेइजिङ ।**
इजराइल–हमास युद्धले ओझेलमा परेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) शिखर सम्मलेनमा आपसी सम्बन्धलाई बलियो बनाउन तथा आफ्ना 'प्रिय मित्र' चिनियाँ राष्ट्रपति सि जिनपिङलाई भेट्न मङ्गलबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिन चीन आइपुगेका छन् । चीनले यसै साता राष्ट्रपति सि को व्यापार तथा पूर्वाधार बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई)को शिखर सम्मेलनमा भाग लिन आउने एक सय ३० देशका प्रतिनिधिहरूलाई स्वागत गरेको छ । अतिथिको शीर्ष सूचीमा पुटिन हुनुहुन्छ । युक्रेनमाथि रुसको आक्रमणले आफ्नो शासन अन्तर्राष्ट्रियरूपमा एक्लिएपछि प्रमुख विश्व शक्तिका रूपमा पुटिनको यो पहिलो विदेश भ्रमण हो । क्रेमलिनका अनुसार बीआरआई फोरमका क्रममा उनले चिनियाँ राष्ट्रपति सिसँग भेटवार्ता गर्नेछन् । इजराइल र प्यालेस्टिनी लडाकू समूह हमासबीचको युद्ध सुरु भएपछि बीआरआई शिखर सम्मेलनलाई छायाँमा पारेको छ । 'वार्ताका क्रममा अन्तर्राष्ट्रिय र क्षेत्रीय मुद्दाहरूलाई विशेष ध्यान दिइने छ', क्रेमलिनले एक विज्ञप्तिमा भनेको छ । यही अक्टोबर ७ मा इजराइलको इतिहासमै हमासले घातक हमला गरेपछि अमेरिकाको नेतृत्वमा पश्चिमा मुलुकहरूले इजराइलको पक्षमा आफ्नो उपस्थिति देखाउँदै आएका छन् । हमासले गरेको आक्रमण अधिकांश सर्वसाधारणसहित एक हजार चार सयभन्दा बढीको मृत्यु भएको थियो । अमेरिकाले चीनलाई आफ्नो 'प्रभाव' प्रयोग गरेर युद्धलाई घटाउन आग्रह गरेको छ ।
हमासको आक्रमणको बदला लिन गाजापट्टीमा बमबारी सुरु गरेपछि १० लाखभन्दा बढी सर्वसाधारण आफ्नो घर छोडेर भागेका छन् । यसै वर्षको सुरुमा चीनले पूर्व क्षेत्री शत्रुहरू इरान र साउदी अरेबियाबीच मध्यस्थता गरेको थियो । साथै इजराइल–हमास द्वन्द्वको युद्धविराम गर्न र शान्ति वार्तालाई अघि बढाउन विशेष दूत झाई जुनले यसै साता मध्यपूर्व पठाएको छ । यद्यपि चीनको सरकारी प्रसारक संस्था सिसिटिभीले मध्यपूर्वको झाईले कुन मुलुकको भ्रमण गर्ने हो भन्ने केही उल्लेख गरेको छैन ।



परम्परागतरूपमा इजराइल र प्यालेस्टिनी अधिकारीहरूसँग राम्रो सम्बन्ध राखेको रुसले तत्काल युद्धविरामका लागि आह्वान गरेको छ ।
बेइजिङमा रुसी राष्ट्रपति पुटिन चीनसँग पहिलेदेखि मजबुत भएको सम्बन्धलाई अझ बलियो बनाउने अभियानमा छन् तर विज्ञहरूका अनुसार चीनसँगको सम्बन्धमा मस्को तीव्ररूपमा सानो साझेदार बनिरहेको छ । चीन रुसको सबैभन्दा व्यापारिक साझेदार मुलुक हो । गत वर्ष यी दुई मुलुकबीचको व्यापार एक खर्ब ९० अर्ब डलर पुगेको बेइजिङ भन्सार तथ्याङ्कले देखाएको छ । युक्रेन युद्धमा बेइजिङको धारणाप्रति पश्चिमा मुलुकहरूले चीनको आलोचना गर्दै आएका छन् । रुसले युक्रेनमाथि आक्रमण गरेकामा चीनले मस्कोको आलोचना गर्न अस्वीकार गरेको छ र आफू यस मामिलामा तटस्थ रहेको बताउँदै आएको छ । बीआरआईले पुटिन र सिलाई उनीहरूको गठबन्धनलाई प्रदर्शन गर्ने नयाँ अवसर दिए पनि विज्ञहरूले दुई मुलुकबीच कुनै नयाँ ठूलो सम्झौताको घोषणा नहुने अपेक्षा गरेका छन् । 'चीनले उच्च प्रचारका लागि कुनै पनि सम्झौतामा हस्ताक्षर गर्न मान्ने छैन भन्ने रुसलाई थाहा छ', कार्नेगी रसिया युरेसिया सेन्टरका निर्देशक अलेक्जेन्डर गाबेयेभले भने, 'सबै कार्ड चीनको हातमा छ ।'

**'साथीहरूको पुनर्मिलन'**
चिनियाँ सरकारी सञ्चारमाध्यमका अनुसार चिनियाँ राष्ट्रपति सिले चिलीका राष्ट्रपति ग्याब्रियल बोरिक र कजाकस्तानका राष्ट्रपति कासिम–जोमर्ट टोकायेभसँग भेटवार्ता गरेर मङ्गलबार बीआरआई फोरमको सुरुआत गरेका थिए । शिखर सम्मेलन सुरु हुनुभन्दा अघि चीन र रुसका उच्च कूटनीतिज्ञहरूले सोमबार बेइजिङमा भेट गर्दा एउटै गीत गाएका थिए ।
मस्कोका अनुसार पुटिनलाई शिखर सम्मेलनको 'प्रमुख अतिथि'का रूपमा आमन्त्रित गरेकामा रुसी विदेशमन्त्री सर्गेई लाभरोभले चीनलाई धन्यवाद दिएका थिए ।
पुटिनले चीनपछि उत्तर कोरियाको भ्रमण गर्ने जनाइएको छ । आफ्ना चिनियाँ समकक्षी वाङ यीसँगको भेटमा रुसी विदेशमन्त्री लाभरोभले पुटिन र सिले यसै हप्ता भेट हुँदा दुई मुलुकबीच 'सम्पूर्णरूपमा' छलफल गर्ने बताए । जवाफमा वाङले बीआरआईमा रुसको समर्थनप्रति 'आभार' प्रकट गरे ।

# इजराइल र हमासबीच युद्धविरामको रुसी प्रस्ताव सुरक्षा परिषद्मा अस्वीकृत

**एएनआई**
**न्युयोर्क ।**
मानवीय आधारमा इजराइल र हमासबीच युद्धविराम गर्ने रुसी प्रस्तावलाई संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले अस्वीकार गरेको छ ।
युद्धविराम गर्ने रुसी प्रस्ताव पारित हुन आवश्यक न्यूनतम मत प्राप्त हुन नसकेपछि प्रस्ताव अस्वीकृत भएको हो । रुसले परिषद्मा गाजामा मानवीय आधारमा युद्धविराम गर्नुपर्ने प्रस्ताव पेश गरेको थियो । प्रस्तावको पक्षमा चीन, ग्याबोन, मोजाम्बिक, रुस र संयुक्त अरब इमिरेट्सले समर्थन गरेका थिए । सोमबार भएको मतदानमा संयुक्त अधिराज्य, अमेरिका, फ्रान्स र जापानले विपक्षमा मतदान गरेका थिए । इजराइलमाथि हमासले गरेको आक्रमणप्रति रुसी प्रस्तावले हमासको आलोचना नगरेको भन्दै फ्रान्स, अमेरिका र संयुक्त अधिराज्यले प्रस्तावको विपक्षमा मतदान गरेका थिए । छ मुलुक अल्बानिया, ब्राजिल, इक्वेडर, घाना, माल्टा र स्विट्र्ल्यान्डले मतदानमा भाग लिएनन् ।
रुसी प्रस्ताव अघि बढ्नका लागि प्रस्तावको पक्षमा नौ मत आवश्यक थियो । संयुक्त राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत लिन्डा थोमस–ग्रिनफिल्डले रुसले इजराइलमाथि हमासको आक्रमणलाई उपेक्षा गरेको र पीडितहरूको अपमान गरेको भन्दै अमेरिकाले रुसको प्रस्तावलाई समर्थन गर्न नसक्ने बताए ।
'हमासको आलोचना नगरेर रुसले आतङ्कवादी समूहलाई आश्रय दिइरहेको छ जसले निर्दोष सर्वसाधारणप्रति अत्याचार गरेको छ, यो अपमानजनक, कपटपूर्ण र अक्षम्य छ', उनले भने ।

# महाकाली किनारमा बिचभलिबल प्रतियोगिता

**दोधारा चाँदनी ।**
कञ्चनपुरको भीमदत्त नगरपालिका–१२ स्थित महाकाली नदीको तटीय क्षेत्रमा 'बिचभलिबल' प्रतियोगिता सुरु भएको छ ।
सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख देवराज जोशीले प्रतियोगिताको शुभारम्भ गर्दै खेलकुद प्रतियोगिताले पर्यटन विकासमा टेवा पुग्ने बताए । उनले भने, 'खेलकुद राष्ट्र र स्वास्थ्यका लागि मात्रै नभइ पर्यटनमा समेत टेवा पुर्याउँछ ।
यस्ता प्रतियोगिता भइराख्नुपर्छ ।'
कञ्चनपुर जिल्ला भलिबल सङ्घ र नेपाली सेनाद्वारा संयुक्तरूपमा आयोजित प्रतियोगिता अगामी कात्तिक १ गतेसम्म जारी रहनेछ । प्रतियोगिताका ३२ टिमको सहभागिता रहेको छ । खुला तथा भेट्रानबीच पुरुष भलिबल प्रतियोगिता अन्तर्गत खुलातर्फ २३ टिमको र भेट्रानतर्फ नौ टिमको सहभागिता छ । खुलातर्फ प्रथम, द्वितीय र तृतीयलाई क्रमशः एक लाख रुपैयाँ, ५० हजार रुपैयाँ र २५ हजार रुपैयाँ तथा भेट्रानतर्फ प्रथम, द्वितीय र तृतीयले क्रमशः २५, १५ र १० हजार रुपैयाँ पुरस्कारसहित ट्रफी प्राप्त गर्नेछन् ।
शुभारम्भका अवसरमा श्री नम्बर २५ बाहिन अड्डा भगतपुर ब्यारेकका बाहिनीपति मनोज थापा र कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीलगायतको सहभागिता रहेको थियो ।

## बिहान ५ बजे नै पिडिएफ उपलब्ध





मधेशद्दष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशद्दष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशद्दष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# कृषि बाली वीमाबारे किसानसँग अन्तरक्रिया



**मधेशदृष्टि**
**धनुषा ।**
मधेश प्रदेशका जिल्लामा किसानहरू कृषि बाली वीमाप्रति आकर्षित गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धनुषाले सरोकारवालाको सहभागितामा जनकपुरधाममा अन्तरक्रिया गरेको छ ।
परियोजनाले धनुषा तथा महोत्तरीका किसान तथा कृषि बाली वीमा गर्ने प्रतिनिधिको सहभागितामा गरेको कार्यक्रममा कृषि वीमाको महत्व, वीमा गरेपछि पाउने लाभ तथा किसानलाई हुने फाइदाको विषयमा किसानलाई जानकारी दिइएको थियो । वीमा गराउँदा किसानले न्यून मात्रामा मात्र वीमाको प्रिमियम बुझाउनुपर्ने प्रावधान भए पनि जनचेतना तथा शिक्षाको अभावले कृषि वीमा गराउनेको संख्या मधेश प्रदेशमा न्यून रहेको छ । नेपालमा कृषि बाली, पशुपन्छी वीमा गर्ने प्रावधान रहेको भए पनि वीमा गराउनेको संख्या बढ्नसकेको छैन । कृषि वीमाको न्यून प्रतिशत रकम किसानले तिर्ने प्रावधान छ । ८० प्रतिशत वीमाको रकम नेपाल सरकारले नै तिरिदिने प्रावधान भएकाले व्यावसायिकरुपमा खेती गर्ने किसान तथा पशुपालक किसानले अनिवार्य वीमा गराउनुपर्ने आवश्यकतामा विज्ञहरूले जोड दिए । पन्छीतर्फ ७ प्रतिशत, पशुतर्फ ५ प्रतिशत, मत्स्यतर्फ ३ प्रतिशत तथा बालीतर्फ ५ प्रतिशत मात्र किसानले वीमा गराएबापत प्रिमियम तिर्नुपर्ने प्रावधान भए पनि बैङ्कको ऋण तथा अनुदान पाउन किसानले वीमा गराउने गरेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लष्टर इकाई धनुषाका प्रमुख युगल किशोर तिवारीले जानकारी दिए ।
कार्यक्रममा कृषि तथा पशुपक्षी वीमा गराउने विभिन्न कम्पनीका प्रमुख, किसान, आयोजनाका विज्ञ कर्मचारीको सहभागिता थियो ।

# फोहोरबाट उन्मुक्ति दिलाउन वडाध्यक्ष साहको जुक्ति


जनकपुरधाम उप-महानगरपालिका
०६ नं. वडा कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल
पत्र संख्या:- २०८०/०८१
चलानी नं.:-
मिति २०८०/०६/३०
विषय: सूचना ! सूचना !! सूचना !!!
"सुन्दर, स्वच्छ, समृद्ध जनकपुरधाम"

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामलाई फोहरबाट निजात दिलाउन जनकपुरधाम उपमहानगरपालिका वडा नं ७ ले साप्ताहिक तीन दिन टोल टोलमा सफाई ट्याक्टर पठाउने भएको छ ।
जनकपुरधाम उपमहानगरपालिका वाड नं ७ का अध्यक्ष निरज कुमार साहले मंगलवार एक सूचना जारी गर्दै हप्ताको तीन दिन टोल टोलमा सफाई ट्याक्टर जाने भएकोले फोहर अन्यत्र नफालि टयाक्टरमा राख्न अनुरोध गरेका छन् । जारी भएको सूचनामा हप्ताको सोमबार विहान ७ बजे ,बुधबार बेलुकी १२ बजे र शुत्रबार विहान ७ बजे भोला कवार देखि माछा बजार,नमस्कार चौक,पेठीया बजार,बशिष्ट चौक(भ्रमरपुरा चौक) हुदै दुधमति पुल सम्म जाने भएको छ भने हप्ताको सोमबार बेलुकी १२ बजे,बुधबार विहान ७ बजे र शुक्रबार बेलुकी १२ बजे जिरोमाइल देखि तपसी चौक हुदै वडा कार्यालय,भैरब स्थान,महाराज सागर,एसएम क्याम्पस हुदै परिक्रमा सडक,डोला राख्ने ठाउ हुदै दुधमति पुल सम्म ट्याक्ट जाने भएकोले फोहरलाई सडकको छेउछाउमा नफालि ट्याक्टरमै राखी फोहर मुक्त जनकपुरधाम बनाउनमा मद्दत पुरयाउन अध्यक्ष साहले आग्रह गरेका छन् । अध्यक्ष साहका अनुसार बाकी रहेको सडकमा स्रोत साधन अनुसार पछि दिन र समय निर्धारण गरिने छ ।

# झिझिया नृत्यक्रममा टुना लगाएको भन्दै कुटपिट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विजयादशमीको समयमा मधेशमा खेलिने झिझिया नृत्यको क्रममा टुनामुना लगाएको भन्दै मुर्ति बनाउने परिबारजनमाथि कुटपिट गरिएको छ ।
धनुषाको कमला नगरपालिका वडा नं. २ सराबे टोलमा बनाईएको दुर्गाको प्रतीमास्थित झिझिया खेल्ने क्रममा एक युवकलाई पेट दुखेपछि मूर्ति बनाउने परिवारमाथि बोक्सीको आरोप लगाउँदै सामुहिक कुटपिट गरिएको हो ।
सराबे चौकस्थित स्थानीय रामबाबु मण्डलले भाकल अनुसार दुर्गाको प्रतिमा निर्माण गरेका छन् । दशैँ चढेलगत्तै सो गाउँका किशोरी, युवति, महिलाहरुले झिझिया खेल्न आउने क्रममा सोही स्थान बस्ने स्थानीय जिवचन मण्डलका १७ बर्षिय छोरा रितिक मण्डल समेत झिझिया खेलेका थिए । झिझिया केही बरे खेलेपछि उनको अचानक पेट दुखेको प्रत्यदर्शीहरुले जनाएको छ । पेट दुख्न थालेपछि उनलाई अस्पताल लग्नुको साटो धामी झाँक्री बोलाएर ठिक गर्न लगाएका थिए । उनलाई पानी खुवाएपछि र टाउकोमा पानी हालेपछि तत्कालै उनी निको भए तर, रितिकका आमाबुवा र आफन्तहरुले बोक्सीको सँज्ञा दिँदै मूर्ति बनाएका रामबाबु मण्डलको घर परिवारमाथि एकाबिहानै कुटपिट गरेको हो । नातीको पेट दुखेपछि आक्रोसित जिवचन मण्डलका घर परिवारलाई सोही ठाउँका केही अन्य समुदायका व्यक्तिहरुले कान फुकेपछि मारपिटमा उत्रेको बताईएको छ । रामबाबु मण्डलको घरमा आएका पाहुनाहरुलाई जिवचन, उनका छोरा र उनकी श्रीमति मिलेर कुटपिट गरेपछि दुई तरफी झडप भएको थियो । घर पसेर कुटपिट गर्न थालेपछि रामबाबु मण्डलको परिवारले प्रतिकार गर्दा तीन जना घाईते भएको हो ।
झगडाको क्रममा रामबाबु मण्डललाई टाउकोमा बाँसको भाटा प्रहार गरिएको छ भने उनकै तर्फबाट शँकर मण्डललाई समेत चोट लागेको हो । झगडाको क्रममा जिवचन मण्डल पनि घाईते भएका छन् । उनलाई टाउकोमा गम्भिर चोट लागेको छ । उनको टाउकोमा पाँचवटा टाँका लगाईएको छ । ६५ बर्षिय जिवचन रितिकका हजुरवुवा हुन् । सोही क्रममा जिवचनकै तर्फबाट उनका छोरा कमलेश मण्डललाई नाकमा गम्भिर चोट लागेको हो । उनको नाकबाट अझै रगत नरोकिएको बताईएको छ ।
मूति बनाएका रामबाबु मण्डलको परिवार नै आफ्नो नातीलाई बोक्सी गरिदिएको भन्दै जिवचन मण्डलको परिवारले उनीहरुलाई कुटपिट गरेको बताईएको छ । यता, जिवचन पक्षले रामबाबु मण्डलका घर परिवारले नै आफूहरुलाई कुटेको दाबी गर्छन् । तर, गाउँलेहरुले भने जिवचन घर पसेर झगडा गरेपछि दुईतर्फा झडप भएको बताएको हो । रामबाबु मण्डल र जिवचन मण्डल दुवै दियाद हुन् । झिझिया खेल्ने क्रममा भएको विवादलाई लिएर दुईतर्फा झगडा भएपछि दुवै तर्फबाट मानिसहरु घाईते भएका छन् । यता धनुषा प्रहरीले घटनाको विषयमा अनुसन्धान भइरहेको जनाएको छ ।

# महिन्द्राको नयाँ ट्विन पिक्स ब्रान्डेड शोरुम




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्कर्पियो चारपांग्रे गाडीको उत्पादनकर्ता महिन्द्रा एण्ड महिन्द्राले जनकपुरधाममा नयाँ ट्विन पिक्सको आधिकारिक बिक्रेता शोरुम सञ्चालनमा ल्याएको छ ।
जनकपुरधामको मुजेलिया स्थित भाटभटेनीको सामुनेमा रहेको रिचा मोर्टसलाई आधिकारिक विक्रेताका रुपमा शोरुम सञ्चालनको जिम्मा तोकिएको छ । यस शोरुममा महिन्द्राको आफनो फल्यागशिप ग्लोबल एसयुभीहरु–स्कर्पियो एन, एक्सयूभी ७०० र एक्सयूभी ३०० सार्वजानिक गर्दै विक्रि, मर्मत सम्भारको सेवा र पार्टपुर्जा सहितको शोरुमको मंगलवार समुदघाटन गरिएको छ ।
यो शोरुम काठमाण्डौं छोडेर दोस्रो क्षेत्रीय सेवा प्रदायक आधिकारीक केन्द्र बनेको छ ।
यस अगाडि ईटहरीमा शोरुम सञ्चालनमा ल्याइएको छ ।नेकपा एमालेका सचिव पुर्व उपप्रधानमन्त्री रघुविर महासेठ, महिन्द्रा कम्पनीका उपाध्यक्ष–अन्तराष्ट्रिय अपरेसन अटोका जोयदीप मोइत्रा र अग्रि ग्रुपका डेपुटी सेल्स डाइरेक्टर बर्दान बस्नेत सहितकाले शोरुमको समुदघाटन गरेका छन् । सो अवसरमा महासेठले शोरुमको मात्र सञ्चालन भएर नहुने भन्दै सरभिसिङ्ग र स्पेयरपार्टसको सहज उपलब्धता र गुणस्तरीयता पनि आवश्यक रहेको बताए ।त्यसको अभावमा नेपालका गाडीहरु भारतको विहारमा गएर मर्मत गर्नुपर्दा समय र पैसाको अनावश्यक निर्यात र खपत हुने गरेको तर्फ उनले ध्यानाकर्षण गराए ।
सो अवसरमा रिचा मोर्टसका सञ्चालक युवा व्यवसायी राजेश अग्रवाल, महिन्द्राका कन्ट्रीहेड चैतन्य कगलकर, म्यानेजर रुपेश नागर, अग्रि ग्रुपका मधेश प्रदेश प्रमुख प्रभास मान शाक्य, मार्केटिङ्ग प्रमुख निर्मल श्रेष्ठ, प्रदेशसभा सदस्य दिपेन्द्र ठाकुर, सतिश सिंह, रामबाबु यादव, उद्योग बाणिज्य संघ मधेशका संस्थापक अध्यक्ष शिव शंकर साह हिरा, जनकपुरधामका नगरप्रमुख मनोज साह, उद्योग बाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ सहितको उपस्थिती थियो ।

# नीति तथा योजना आयोगमा साह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले गठन गरेको प्रदेश नीति तथा योजना आयोगको सदस्यमा डा. सोहन साहलाई नियुक्त गरेको छ ।
मधेश सरकारको गत असोज १६ गते बसेको मन्त्रिपरिषद् बैठकले डा. साहलाई सदस्य पदमा नियुक्त गर्ने निर्णय गरेको सार्वजनिक गरिएको हो ।प्रदेश नीति आयोगको गठन तथा कार्य सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम आयोगको सदस्यमा नियुक्त गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव दिनेशकुमार घिमिरेले जनाएका छन् ।
डा. साहले मधेस प्रदेश सरकारको मुख्य चुनौतीको रुपमा रहेको साक्षरता अभियानलाई योजनाबद्ध ढंगले सघाउने जनाए । उनले साक्षता दर बढाउन नीति अनुसन्धानको मुख्य भूमिका रहने भएको हुँदा यसलाई मुख्य प्राथमिकता राखेर अगाडि बढ्ने बताए ।
मुख्यमन्त्री अध्यक्ष रहेको यस आयोगमा बढीमा ८ सदस्य रहने व्यवस्था गरिएको छ । डा. साह तेस्रो सदस्यको रुपमा नियुक्त भएको जनाइएको छ । यसअघि आयोगको उपाध्यक्षमा नथुराम चौधरी र सदस्यहरुमा डा.हरिशंकर प्रसाद साह र शिला मिश्रलाई नियुक्त गरेको थियो ।

# विपन्नलाई चिटिक्कको घर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनौजी गाउँपालिकास्थित विपन्न परिवारको घर स्थानीय एक समिति र वैदेशिक रोजगारमा रहेका युवाहरुले मिलेर बनाईदिएको छ ।
धनौजी गाउँपालिका वडा नं. ४ तरही टोलस्थित बस्दै आएकी अन्जु देवीलाई स्थानीय डिहबार बाबा कल्याण समिति र वैदेशिक रोजगारीमा रहेका युवाहरुले सहयोग गरी घर बनाईदिएको हो ।
अन्जुलाई सोमबार एक कार्यक्रमबीच आर्थिक सहयोग समेत गरेका थिए । समितिले दशैँ, दिपावली तथा छठ पर्वको शुभकाना आदान प्रदानको क्रममा समाजसेवीहरुलाई सम्मान गर्दै अन्जु देवीलाई २० हजार १ सय ५१ रुपैयाँ आर्थिक सहयोग गरेको हो ।
धनौजी ४ मै रहेको ज्ञान ज्योति इङलिस बोर्डिंग स्कुल धनौजीका प्रधानध्यापक दीपेन्द्र कुमार मंडलले १५ हजार रुपैयाँ र ईन्जिनियर छोटु मंडल ५ हजार १५१ रुपैयाँ आर्थिक सहयोग गरेको हो । सोही कार्यक्रम मार्फत गाउँपालिका अध्यक्ष राजकुमार साह ,वडा अध्यक्ष रामशोभित मण्डलले समेत आर्थिक सहयोग सहयोग गर्ने प्रतिवद्धता जाहेर गरेका छन् । अति विपन्न अन्जुलाई खान र बस्ने स्थान नभएपछि स्थानीय जनप्रतिनीधि, युवाहरु र समितिले उनलाई सहयोग गरेको हो ।
कार्यक्रममा मन्दिरका पुजारी बाबा बिनोद दास, धनौजी गाउँपालिका अध्यक्षका प्रत्यासी प्रतिनीधि जीवेन्द्र झा र समाजका अगुवा जितेन्द्र मण्डल लगायतको उपस्थिती रहेको थियो ।

## सूचना सूचना सूचना

### धितो घडेरी (जग्गा) लिलामसम्बन्धी सूचना

यस जानकी ग्लोबल बचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम-२ बाट जि.ध.गा.वि.स विन्धी-६ हाल ज.उ.म.न.पा-२३ बस्ने मोति महराको नाति दुःखी महराको छोरा श्री नन्दकिशोर महराले ज.उ.म.न.पा वडा नं. १३ को सिट नं. १३१५-११ को कि.नं. ४२ को क्षेत्रफल ०-०-८-१ को घडेरी जग्गा यस संस्थाको नाममा दृष्टिबन्धक गरी मिति २०६९।०७।०३ मा व्यवसाय सञ्चालनका लागि रु ६००,०००।- अक्षरेपी रु. छ लाख ऋण लिएकोमा सो ऋणको साँवा र ब्याज हर्जाना बुझाउनको लागि विभिन्न मितिमा लिखित, मौखिक तथा दैनिक पत्रिकामा सूचना प्रकाशन गरी ताकेता गर्दा पनि हालसम्म साँवा र ब्याज नबुझाएको साथै यस सम्बन्धमा निजलाई पटकपटक संस्थामा बोलाई समेत ताकेता गरेकामा पनि निजले आलटाल गरी ऋणको साँवा, ब्याज र हर्जाना आदि नबुझाएकाले यो धितो जग्गा लिलाम गरी निजमाथि बाँकी साँवा रु ६,००,०००।- र २०८० असोज मसान्तसम्मको ब्याज हर्जाना रु १३,३७,२७५।- गरी जम्मा रु १९,३७,२७५।- अक्षरेपी (रु उन्नाइस लाख सैंतीस हजार दुई सय पचहत्तर) मात्र असुल गर्न यो लिलाम डाँकसम्बन्धी सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रथमपटक प्रकाशित मिति २०८०।७।१ को ३५ दिनपछि अर्थात २०८० मंसिर ६ गते बुधबार जनकपुरधाम-२ कदम चौकदेखि उत्तर संस्थाको कार्यालयमा विभिन्न कार्यालयको प्रतिनिधिको रोहवरमा दिनको १२ बजेदेखि ४ बजेसम्म लिलाम डाँक गरिनेछ। धितो घडेरी जग्गाको न्यूनतम व्यावसायिक मूल्याङ्कन सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा सञ्चालक समितिको अनुमोदन अनुसार रु. ४५,००,०००।-(रु पैंतालीस लाख) कायम गरिएको छ। लिलाम डाँक बढाबढ सुरु हुँदा न्युनतम मूल्य रु. ४५,००,०००।- भन्दा माथि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिले डाँक सकारेको रकमको १०% सोही दिन धरौटीवापत संस्थामा जम्मा गर्नु पर्ने छ। बाँकी ९०% रकम सात दिनभित्र संस्थामा जम्मा गरे निजका नाममा लिलाम स्वीकृत गरिनेछ। सो नगरे दोस्रो बढी अंक बोल्ने व्यक्तिले सोही शर्तबमोजिम रकम दाखिला गरेमा निजको नाममा लिलाम बिक्री स्वीकृत गरिनेछ। लिलाम डाँक हुने दिन अर्थात २०८० मंसिर ६ गते बुधबार कुनै कारणवश बिदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा लिलाम बढाबढ गरिनेछ। लिलाम डाँक स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थाको सञ्चालकमा निहित हुनेछ।
**तर सूचना प्रकाशित मितिले ३५ दिन अर्थात २०८० मंसिर ५ गते भित्र निज ऋणीले संस्थामा उपस्थित भई ऋणको साँवा र ब्याज बुझाएमा लिलाम डाँक स्थगित गर्न सकिन्छ।**
अन्त्यमा यस लिलाम डाँकसम्बन्धी अरु बढी जानकारी बुझ्नु परेमा सम्बन्धित व्यक्तिहरुले संस्थाको कार्यालयमा आई बुझ्न वा जानकारी लिन सकिन्छ।

**अध्यक्ष**
**जानकी ग्लोबल बचत तथा ऋण सहकारी संस्था लि.**
**जनकपुरधाम-२ कदमचौक**

# खाद्य दिवसमा 'मिथिला संस्कृति एक झलक'

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
विश्व खाद्य दिवसको अवसरमा अवध मिथिला फाउण्डेशनको दुई दिवसीय 'मिथिला संस्कृति एक झलक' कार्यक्रम सम्पन्न भएको छ ।
आइतबार भारतीय पाहुनाको सम्मानमा मधेश प्रदेशका सभापति रामचन्द्र मण्डलले प्रदेशसभामा रात्रीभोजको आयोजना गरेका थिए ।
रात्रीभोजमा मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्र,मुख्यमन्त्री सरोज कुमार यादव,अर्थमन्त्री संजय यादव,श्रम तथा यातायात मन्त्री चन्दन सिंह,खेल तथा समाजकल्याण मन्त्री सुरीता साह लगायतका व्यक्तित्वहरुको सहभागीता रहेको थियो ।
रात्रीभोजमा भारतबाट आएका इण्डियन मेडिकल एशोसिएसनका पुर्व अध्यक्ष डा सहजानन्द सिंह,भारतीय किसान मोर्चाका राष्ट्रिय अध्यक्ष दिपक ठाकुर,इण्डो नेपाल डाक्टर्स फोरमका अध्यक्ष डा नवल किशोर सिंह,दिल्ली विश्वविद्यालयका वरिष्ठ प्रोफेसर



रंजीत कुमारको सहभागीता रहेको थियो । जनकपुरधाम आएका भारतीय विशिष्ट व्यक्तित्वहरु मंगलवार विहान जानकी मन्दिरमा पुजा गरेका थिए भने जानकी मन्दिरमा मन्दिरका उतराधिकारी महन्थ रामरोशन दास बैष्णवले भारतीय अतिथिहरुलाई स्वागत गरेका थिए । जानकी मन्दिर दर्शन पश्चात भारतीय अतिथीहरु धनुषाधाम पुगेर रामायणकालीन पिनाख धनुषाको टुक्राको पुजा गरेका थिए । त्यसपछि उनिहरु महोत्तरीको जलेश्वर पुगेर जलेश्वरनाथ महादेवको पुजा गरेका थिए ।
जलेश्वर मन्दिरमा जनता समाजवादी पार्टीका राष्टिय अध्यक्ष उपेन्द्र यादव,खेलकुद तथा समाज कल्याण मन्त्री सुरिता साह,प्रदेश सांसद रामअषिश यादव,पुर्वमन्त्री हरि नारायण यादव,जसपका केन्द्रिय सदस्य कृष्णा साह,भारतीय बाणिज्य दुतावासका वाणिज्य दुत शशी भुषण,रंजीत मिश्र लगायतलाई जलेश्वर नगरपालिकाका मेयर सुरेश साहले गमछा ओढाएर सम्मान गरेका थिए । सोहि अवसरमा आयोजना गरिएको कार्यक्रममा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले नेपाल भारतको सम्वन्ध रामायण कालदेखि नै बेटी रोटीको सम्बन्ध रहेको र दुई देश रहे पनि भौगोलिक तथा संस्कृति एक समान रहेको बताए । उनले भने,'मिथिलाको कला, संस्कृति, खानपान, पहिरन, भाषाको संरक्षण हुनुपर्छ, अयोध्या तथा मिथिलाको मधुर सम्वन्ध स्थापित हुनुपर्छ ।'
कार्यक्रममा अबध मिथिला फाउंडेशनका अध्यक्ष डा.पी.के.ठाकुर, सचिव राजेंद्र साह, जनकपुरधाम नागरिक समाजका अध्यक्ष तथा मिथिला संस्कृति एक झलकका अध्यक्ष मुरली मनोहर मिश्र,डा.विजय साह,संजू यादवले सक्रिय भूमिका निर्वाह गरेका थिए । नेपाल र भारतको राष्ट्र गानबाट सुरुवात गरिएको कार्यक्रममा स्मृति मिश्रले गोसाउनीको गीत,जय जय भैरवी र कजरी गीत गाएर मन्त्र मुग्ध बनाएकी थिइन् ।
सांस्कृतिक कार्यक्रममा हिमालीनी बोर्डिङ स्कुलका विद्यार्थीहरुले मिथिलाका परम्परागत झिझिया, समाचकेवा, जटजटिन प्रस्तुतिकरण गरेका थिए भने मिथिलाका लोकप्रिय गायक डा आभाष लाभले आफनो गीतको प्रस्तुतीले मन्त्रमुग्ध बनाएका थिए । कार्यक्रममा पूर्व उप प्रधानमंत्री के राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव , भाजपा के बरिष्ठ नेता तथा किसान मोर्चाका राष्ट्रिय अध्यक्ष दीपक ठाकुर, बिधायक रामाशीष यादव लगायतको उपपिस्थती रहेको थियो ।

# मनाइयो ६८ औँ प्रहरी दिवस



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साको आयोजनामा '६८ औँ प्रहरी दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ ।
जिल्ला प्रहरी कार्यालय पर्सा परिसरमा सम्पन्न कार्यक्रममा दिवङ्गत प्रहरीलाई श्रद्धाञ्जली दिएसँगै कार्यक्रम शुभारम्भ भएको थियो ।
कार्यक्रम शुभारम्भ गर्दै पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले समाजमा शान्तिसुरक्षा र अमनचयन कायम राख्न प्रहरीको भूमिका महत्वपूर्ण भएको बताउँदै पर्सा प्रहरीले आफ्नो दायित्व पूरा गरेकामा प्रशंसा गरे । उनले जनताको जिउधन रक्षासँगै अपराध न्यूनीकरणमा नेपाल प्रहरीको भूमिका राष्ट्रिय अन्तर्राष्ट्रियरुपमासमेत चर्चित रहेको बताउँदै जनताको साथमा रहेर अपराध न्यूनीकरणमा अझ सशक्तरुपमा लाग्न पर्सा प्रहरीलाई निर्देशन दिए । जिल्ला प्रहरी कार्यालय पर्साको प्रहरी उपरीक्षक कोमल विक्रम शाहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रेग्मीले अमर प्रहरीका परिवारलाई दोसल्ला ओढाई सम्मान गरे । कार्यक्रममा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारी, विभिन्न सामाजिक संघसंस्थाका पदाधिकारी एवम् प्रहरीलाई सहयोग गर्ने व्यक्ति तथा संगठनलाई समेत पुरस्कृत गरिएको थियो । कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवाल, पर्सा प्रहरीका प्रवक्ता कुमार विक्रम थापा, पूर्व प्रहरी सङ्गठन पर्साका अध्यक्ष पूर्व प्रहरी निरीक्षक दानबहादुर राना, पूर्व प्रहरी कर्मचारी परिषद् नेपालका अध्यक्ष पूर्व प्रहरी निरीक्षक ललन राउत कुर्मीलगायतले सम्बोधन गरेका थिए ।



मिथिलामा झिझियाको धुमः जनकपुरधाममा खेलिएको झिझिया नृत्यको दृश्य । तस्विरः मनोज मोरवैता

# शक्तिपीठहरुमा भक्तजनको घुइँचो

**मधेशदृष्टि**
**वीरगंज ।**
दशैँ एवम् नवरात्रको तेस्रो दिन मंगलबार चन्द्रघण्टा देवीको विधिपूर्वक पूजा आराधना गरिएको छ । चन्द्रघण्टा देवीको पूजा आराधनाले शक्ति प्राप्त हुने भएकाले नवरात्रका अवसरमा विशेष पूजा आराधना गर्ने गरिएको नेपाल संस्कृत विश्वविद्यालयका पूर्व सहप्राध्यापक श्रीराम सापकोटाले जानकारी दिए ।
चन्द्रघण्टा देवीको पूजा आराधनाका दिन मणिपुर चक्रलाई ध्यान गरिन्छ ।
चन्द्रघण्टा देवीको स्वरुपको ध्यान गर्दा अनेकौँ शक्ति प्राप्त हुने विश्वास गरिन्छ । नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ । वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् ।
तेश्रो दिन पनि देशकै प्रमुख शक्तिपिठको रुपमा रहेको वीरगंजको गहवामाई मन्दिरमा घटस्थापनाको दिन बिहानैदेखि भक्तजन तथा दर्शनार्थीको ठूलो घुइँचो लागेको थियो । बिहान ३ बजेदेखि नै मन्दिर परिसरमा दर्शनका लागि भक्तजनको लामो लाइन लागेको थियो । यसैगरी, गह्वामाई मन्दिरसँगै विर्तामाई, विन्दवासिनी माई, बाराको गढीमाईलगायतका मन्दिर तथा शक्तिपीठमा समेत दर्शनार्थीको पूजा आराधनाका लागि भिड लागेको थियो ।

# मुद्रास्फीति ८ दशमलव १९ प्रतिशत

# भदौ मसान्तसम्मको तथ्याङ्कअनुसार

## के के मा बढ्यो मूल्य ?

१. मरमसलामा ४५ दशमलव ४६%
२. चिनी तथा चिनीजन्य वस्तुमा १७ दशमलव ८६%
३. तरकारीमा १४ दशमलव ५१%
४. खाद्य तथा खाद्यजन्य पदार्थमा १३ दशमलव ३८%
५. दुग्ध पदार्थ तथा अण्डामा १२ दशमलव ६० %
६. उपभोक्ता मूल्य सूचकाङ्क १५ दशमलव ५५%
७. विविध वस्तु तथा सेवा १२ दशमलव २१ %
८. शिक्षा क्षेत्रमा नौ दशमलव १० %
९. घरायसी उपयोगका वस्तु आठ दशमलव ११%
१०. फर्निसिङ तथा घरायसी उपकरण छ दशमलव ५९%

## के मा घट्यो ?

१. घ्यू तथा तेल उपसमूहमा १३ दशमलव ०८ %
२. यातायात क्षेत्रको मुद्रास्फीति शून्य दशमलव १८ प्रतिशत%

## मुद्रास्फीति

क. काठमाडौँ उपत्यकाः नौ दशमलव ८३ प्रतिशत
ख. तराईः सात दशमलव ०३ प्रतिशत
ग. पहाडः आठ दशमलव ०९ प्रतिशत
घ. हिमालः ११ दशमलव ३२ प्रतिशत

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो २ महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति सार्वजनिक गरेको छ । राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक अवस्थाको स्थितिअनुसार भदौ मसान्तसम्ममा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ८ दशमलव १९ प्रतिशत पुगेको छ । सरकारले चालु आर्थिक वर्षमा मूल्यवृद्धि साढे ६ प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेको छ । राष्ट्र बैंकको गएको भदौ मसान्तसम्मको तथ्याङ्कअनुसार मरमसलामा ४५ दशमलव ४६ प्रतिशतसम्म मूल्यवृद्धि देखिएको छ ।
त्यस्तै चिनी तथा चिनीजन्य वस्तुमा १७ दशमलव ८६, तरकारीमा १४ दशमलव ५१, खाद्य तथा खाद्यजन्य पदार्थमा १३ दशमलव ३८ र दुग्ध पदार्थ तथा अण्डामा १२ दशमलव ६० प्रतिशत मूल्य बढेको छ । यो अवधिमा घ्यू तथा तेल उप–समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क भने १३ दशमलव ०८ प्रतिशतले घटेको छ । यस्तै, गैरखाद्य तथा सेवा समूहअन्तर्गत मनोरञ्जन तथा संस्कृति उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १५ दशमलव ५५, विविध वस्तु तथा सेवाहरु १२ दशमलव २१ प्रतिशत, शिक्षा क्षेत्रमा नौ दशमलव १० प्रतिशत, घरायसी उपयोगका वस्तुमा आठ दशमलव ११ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणमा छ दशमलव ५९ प्रतिशतले बढेको छ । भदौ मसान्तसम्ममा यातायात क्षेत्रको मुद्रास्फीति शून्य दशमलव १८ प्रतिशतले घटेको छ । यो अवधिमा काठमाडौं उपत्यकाको मुद्रास्फीति नौ दशमलव ८३ प्रतिशत, तराईको सात दशमलव ०३ प्रतिशत, पहाडको आठ दशमलव ०९ प्रतिशत र हिमालको ११ दशमलव ३२ प्रतिशत रहेको छ ।



# २३ अर्ब ५० करोड रुपैयाँ बचत

**मधेशदृष्टि**
**काठमाडौँ ।**
चालु आर्थिक वर्षको पहिलो दुई महिना अवधिमा चालु खाता र शोधनान्तर स्थिति बचतमा देखिएको छ । त्यस्तै, मुलुकको विदेशी मुद्रा सञ्चितिले एक वर्षको वस्तु तथा सेवा आयात धान्नसक्ने देखिएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको भदौ मसान्तसम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार चालु खाता २३ अर्ब ५० करोड रुपैयाँ बचतमा देखिएको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता ३६ अर्ब ८४ करोड रुपैया घाटामा थियो । त्यस्तै, गत भदौ मसान्तसम्ममा शोधनान्तर स्थिति ५३ अर्ब ६१ करोड रुपैयाँ बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति २० अर्ब ८१ करोड रुपैयाँ घाटामा थियो । असार मसान्तसम्ममा १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति तीन दशमलव नौ प्रतिशतले बढेर भदौ मसान्तसम्ममा १५ खर्ब ९८ अर्ब ९० करोड रुपैयाँ पुगेको छ ।
कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति १४ खर्ब ६ अर्ब ५२ करोड रुपैयाँ र बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति एक खर्ब ९३ अर्ब ५९ करोड रुपैयाँ रहेको छ । कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ दशमलव ७ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षको दुई महिनाको आयातलाई आधार मान्दा हालको विदेशी विनिमय सञ्चितिले १२ दशमलव छ महिनाको वस्तु आयात र १० दशमलव तीन महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिएको छ ।
भदौ मसान्तसम्ममा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपात क्रमशः २९ दशमलव सात, ८६ र २६ दशमलव दुई प्रतिशत रहेको छ ।
पछिल्लो दुई महिनामा आयात पाँच दशमलव एक प्रतिशतले, निर्यात सात दशमलव आठ प्रतिशतले र कुल वस्तु व्यापार घाटा चार दशमलव सात प्रतिशतले घटेको छ ।
भदौ मसान्तसम्ममा सरकारको कुल बजेट खर्च एक खर्ब ३१ अर्ब १४ करोड रुपैयाँ र राजस्व परिचालन एक खर्ब ४१ अर्ब आठ करोड रुपैयाँ छ । यही अवधिमा विस्तृत मुद्राप्रदाय शून्य दशमलव पाँच प्रतिशतले घटेको छ । वार्षिक बिन्दुगत आधारमा भने यस्तो मुद्राप्रदाय १२ प्रतिशतले बढेको छ । त्यस्तै, यो अवधिमा बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन शून्य दशमव एक प्रतिशतले घटेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा शून्य दशमलव सात प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १३ दशमलव दुई प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर चार प्रतिशत छ ।

**भित्रियो दुई खर्ब २८ अर्ब रेमिट्यान्स**

चालु आर्थिक वर्ष २०८०÷८१ को पहिलो दुई महिनामा नेपालले करिब साढे दुई खर्ब रेमिट्यान्स भित्र्याएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको भदौ मसान्तसम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार यो अवधिमा विप्रेषण आप्रवाह २२ दशमलव एक प्रतिशतले बढेर दुई खर्ब २८ अर्ब ३७ करोड रुपैयाँ पुगेको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १९ दशमलव आठ ८ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १७ दशमलव सात प्रतिशतले वृद्धि भई १ अर्ब ७३ करोड अमेरिकी डलर पुगेको छ । भदौ मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको संख्या २८ दशमलव तीन प्रतिशतले घटेर ७४ हजार चार सय ५५ रहेको छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या १८ दशमलव तीन प्रतिशतले घटेर ३२ हजार चार कायम भएको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो संख्या ७० दशमलव छ प्रतिशतले बढेको थियो ।

# इजरायलबाट थप १९ को उद्धार

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकारले इजरायलमा रहेका थप १९ नेपालीको उद्धार गरेको छ । १० दिनअघि प्यालेस्टाइनको हमास लडाकु समूहले इजरायलमा आक्रमण गरेपछि नेपाल फर्किन चाहेका थप १९ जनालाई सरकारले भारतको नयाँ दिल्ली हुँदै नेपाल ल्याउन थालेको हो । मंगलबार उनीहरू स्पाइस जेटको विमानमार्फत भारतको नयाँ दिल्ली आउने र त्यहाँबाट नेपाली दूतावासको पहलमा सडक यात्रा हुँदै कैलालीको गौरीफण्टा नाका आइपुग्ने परराष्ट्रमन्त्री एनपी साउदले बताए । भारतले आफ्ना नागरिकको उद्धार गर्न विमान पठाएको थियो, नेपालले कुटनीतिक पहल गरेर भारतीय नागरिकसँग १९ जना नेपालीको पनि उद्धार गरेको हो । नेपालीहरू बुधबार बेलुकासम्म कैलाली आइपुग्ने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

# सामूहिक झिझिया नृत्यको तयारी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा पहिलोपटक सैयौँको संख्यामा सामूहिक झिझिया नृत्य गराउने घोषणा गरेको नवमिथिला फाउन्डेशनले आफ्नो कार्यक्रमलाई भव्यता प्रदान गर्न तयारी सुरु गरेको छ । फाउन्डेशनले कात्तिक ३ गते शुक्रबार जनकपुरधामको रेल्वे स्टेशनमा आयोजना गर्ने झिझिया नृत्यमा पारम्परिक झिझिया लोकनृत्य र लोक गायन झिझियाको प्रस्तुति गरिने अध्यक्ष अमित कुमार साहले जानकारी दिए ।
कार्यक्रममा विभिन्न वक्तालाई राखेर युवा संगहि झिझिया, झिझिया पर मंथन र झिझिया वर्तमान आ भविष्य विषयमा विभिन्न जानकारको विचार आदानप्रदान गर्ने कार्यक्रम रहेको अध्यक्ष साहले बताए ।
शुक्रबार गरिने झिझिया नृत्य कार्यक्रममा राखिएको झिझिया पर मन्थन विषयमा मिथिलाका सुप्रसिद्ध गायक तथा संगीतकार सुनील मल्लिक, मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष तथा साहित्यकार रामभरोस कापडी भ्रमर, प्रसिद्ध हास्य कलाकार रामनरायण ठाकुर र गायिका शान्ति सदाले आफनो विचार प्रदान गर्नेछन् भने कार्यक्रम सञ्चालन पत्रकार प्रतिभा झाले गर्ने कार्यक्रम रहेको अध्यक्ष साहले जानकारी दिए ।
अध्यक्ष साहका अनुसार, कार्यक्रमको विभिन्न विषयको अन्य वक्ताको नाम बुधबार छलफलपश्चात तय गरेर पत्रकार सम्मेलनमार्फत जानकारी गराइने छ । झिझिया नृत्यमा जनकपुरधाममै पहिलोपटक पाँचसय भन्दा बढीलाई सहभागी गराई भव्य झिझिया नृत्य आयोजना गरिने भएको छ । जनकपुरधामको रेल्वे स्टेशनमा शुक्रबार साँझ पाँच बजेदेखि कार्यक्रम सुरु हुने आयोजकले जनाएको छ ।

# जनमतद्वारा शुभकामना आदानप्रदान



**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी पर्साद्वारा हिन्दू धर्मावलम्बीको महान पर्व दशैँ, तिहार तथा छठ पर्वको अवसरमा मंगलबार वीरगंजमा शुभकामना आदानप्रदान कार्यक्रम भएको छ ।
जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफको अध्यक्षतामा सम्पन्न कार्यक्रममा करिमा बेगम, शशी कपुर मिया, मुकेश द्विवेदी, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवाल, निजामोदिन समानीलगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा पर्साका १४ वटै पालिकाबाट जनमत पार्टीका नेता कार्यकर्ताको सहभागिता थियो ।

# मतदाता नामावली दर्ता तथा अद्यावधिक गरिँदै

**रासस**
**काठमाडौँ ।**
निर्वाचन आयोगले स्थानीय तहबाट नै मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने तयारी गरेको छ । त्यसका लागि आयोगले कार्यविधिको मस्यौदा तयार गरी आगामी कात्तिक मासन्तभित्र राय सुझाव पेश गर्न आग्रह गरेको छ ।
आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालका अनुसार मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यलाई सरल, सहज र नागरिकको पहुँचयोग्य तुल्याउन तथा मतदाता नामावलीमा थप शुद्धता कायम गर्न स्थानीय तहबाट नै मतदाता नामावली दर्ता र अद्यावधिक गर्ने मस्यौदा तयार भएको हो । मस्यौदामा कुनै स्थानीय तहले आफ्नो केन्द्र वा वडास्तरबाट नाम दर्ता गर्न इच्छुक भई निर्वाचन कार्यालयमार्फत आयोगमा अनुरोध गरेमा स्थानीय तहको भौतिक स्रोत साधन र जनशक्तिको अवस्था हेरी आयोगले अनुमति दिने व्यवस्था गरिएको छ । यसरी अनुमति प्राप्त गरेपछि सम्बन्धित स्थानीय तहको केन्द्र वा वडास्तरमै स्थानीय तहमा कार्यरत कर्मचारीमध्येबाट नाम दर्ता अधिकारी र दर्ता कर्मचारी तोकी मतदाता नामावली दर्ता कार्य प्रारम्भ हुनेछ ।
कुनै व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गराउन चाहेमा अनलाइन प्रणालीमार्फत फारम भरी सम्बन्धित स्थानीय तहबाट जैविक (बायोमेट्रिक) विवरण दिनका लागि आफूलाई उपयुक्त हुने मिति प्रणालीबाट छनोट गर्न सक्नेछन् । जैविक विवरण दिएपछि सम्बन्धित व्यक्तिको स्थायी ठेगानामा नाम दर्ता गरिने व्यवस्था कार्यविधिको मस्यौदामा छ । यसरी दर्ता भएका व्यक्तिको विवरण अन्तिम मतदाता नामावली प्रकाशन हुने समयमा आयोगमा प्राप्त गरी अद्यावधिकको प्रक्रियामा लैजाने व्यवस्था छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन